# प्रसिद्ध प्रबन्धसङ्ग्रह

अनुवादक

लक्ष्मीप्रसाद देवकोटा

# प्रसिद्ध प्रबन्धसङ्ग्रह

(प्रबन्धसङ्ग्रह)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्धारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. xxxx

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : मञ्जरी पब्लिकेशन

*संस्करण* : पाँचौँ २०७४

*ISBN* : 978-9937-9162-9-5

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-01-10, 12:02:24 UTC

*Latest minor Correction* : 2026-01-10, 12:02:24 UTC

*Sahityaras ebook id* : 20260110120224

**Cover art**

*Sheet with overall leaf pattern*

Unknown artist, late 18th–mid-19th century

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची


पढाइ

लेखनशैली

ग्वालिनी

पूरा बल्सीवाला

बोक्सीविद्या

संवादकला

स्टोइक अथवा उद्योगी सदाचारी पुरुष

श्रीमती कूपर पार्क स्ट्रिट ग्रम्भेनर्स स्क्वायर

कविता

पोलेको पाठाको उपर प्रबन्ध

विद्वान्‌को अज्ञान

ठन्डी बिहान उठ्नु

सल्लाघारीमा एक रात

# पढाइ

आनन्द, अलङ्कार र सामर्थ्यको निमित्त पढाइ काम लाग्दछ। आनन्दको निमित्त यसको मुख्य उपयोग एकान्त र शान्त स्थलमा छ, अलङ्कारको निमित्त संवादमा र सामर्थ्यको निमित्त कामको विवेक र गराइमा, किनभने निपुण मानिसहरू कामका अङ्गप्रत्यङ्ग एकएक गरेर सम्पादन गर्न र सायद तिनको निर्णय गर्न पनि सक्तछन्; तर कामकाजको चौतर्फी सल्लाह, युक्ति तथा बन्दोबस्त विद्वान्बाटै सबभन्दा राम्रोसँग आउँदछन्।

पढाइमा अत्यन्त ज्यादा समय बिताउनु जुम्सोपन हो; यसलाई ज्यादै अलङ्कारको निमित्त प्रयोग गर्नु आडम्बर हो; बिलकुल यसैका नियमले विवेचना गर्नु विद्वान्को स्वभाव हो। यसले प्रकृतिलाई पूर्णतामा पुऱ्याउँछ र आफैं अनुभवले पूर्ण हुन्छ, किनभने प्राकृतिक शक्तिहरू प्राकृतिक बिरूवा जस्ता छन्, जसलाई पढाइले काँटछाँट गर्नुपर्छ। यदि आफैँ अनुभवले परिवृद्ध भएन भने पढाइले ज्यादै स्वतन्त्र प्रवृत्ति दिन्छ। धूर्त मानिसहरू पढाइलाई हेला गर्दछन्; सीधा मानिसहरू तारिफ गर्दछन्; बुद्धिमान् मानिसहरू त्यसको उपयोग गर्दछन्। किनभने पढाइले आफ्नै उपयोग सिकाउँदैन; तर त्यो कुरा पढाइको बाहिर र त्यसको उपर सूक्ष्म दृष्टिले पाइने बुद्धि हुन्छ।

विरोध गर्न र खण्डन गर्नालाई नपढ; न त विश्वास गर्न र सहज स्वीकार गर्नालाई; तर वजन लिन र विचार गर्नालाई। केही किताब चाख्नाका निमित्त हुन्छन्; केही निल्नाका निमित्त; केही थोरै चपाउन र पचाउनाका निमित्त अथवा केही किताबहरू अलि अल्पभागमा पढ्नुपर्दछ; अरू केही पढ्नुपर्दछ तर उत्कण्ठापूर्वक होइन; केही थोरै समग्र पढ्नुपर्दछ र मेहनत तथा ध्यानका साथ, केही किताबहरू अरूद्वारा र अरूले झिकेका

उद्धृत भागमा पढे हुन्छ। तर यो कुरा खालि छुद्र बहस र तल्लो दर्जाको किताबमा लाग्दछ। नत्र सार झिकेका किताबहरू साधारण शुद्ध गरिएका पानीजस्ता हुन्छन्– झल्कने चीजहरू।

अध्ययनले पूरा मानिस बनाउँछ, वादविवादले प्रत्युत्पन्नबुद्धि गराउँछ, लेख्नाले यथोचित मानिस बनाउँछ। यसकारण यदि कोही मानिस कम लेख्दछ भने उसको ठूलो स्मरणशक्ति हुनुपर्ने जरूरत पर्दछ; यदि ऊ कम बहस गर्दछ भने उसको हाजिरी बुद्धि हुनुपर्ने आवश्यक रहन्छ; यदि ऊ कम पढ्दछ भने आफूले नजानेकोमा जानेजस्तो देखिनालाई उसको प्रशस्त चलाकी हुनुपर्दछ। इतिहासले मानिसलाई बुद्धिमान् बनाउँछ; काव्यले जेहनदार र गणितले चलाक बनाउँछ; प्राकृतिक विज्ञानले गहिरो बनाउँछ; नीतिले गम्भीर; न्याय र अलङ्कारले बहस गर्न समर्थ बनाउँछ। पढाइ स्वभावमा घुस्दछ। त्यति मात्र होइन बुद्धिमा कुनै यस्तो बाधा या रोकावट छैन जसलाई उचित पढाइले हटाउन नसकोस्। जस्तो शरीरका रोगहरूका पनि उचित व्यायाम हुन्छन्– 'बाउलिङ' पत्थरीलाई र मिर्गौलालाई बेस गर्दछ, बन्दुक हान्नाले फोक्सो र छातीलाई; बिस्तार हिंड्नाले पेटलाई; घोडा चढ्नाले शिरलाई इत्यादि।

यसकारण यदि कुनै मानिसको बुद्धि ठेगानामा रहँदैन भने उसले गणित पढोस् किनभने फल सिद्ध गर्दा यदि उसको बुद्धि अलिकति भड्क्यो भने पनि उसले फेरि सुरू गर्नुपर्दछ। यदि उसको बुद्धिको छुट्ट्याउने अथवा भेद पत्ता लगाउने झुकाव नभए उसले नैयायिक ग्रन्थहरू पढोस्, किनभने तिनीहरू रौँरौँ छुट्ट्याउने हुन्छन्। यदि उसको कुनै विषय (matters) राम्रोसँग जाँचेर हेर्ने तथा एउटा कुरा सम्झेर अर्को कुराको प्रमाण र उदाहरण दिने झुकाव छैन भने उसले वकिलका मुद्दाहरू पढोस्; यसरी मनका हरेक दोषलाई विशेष उपचार मिल्नेछ।

**फ्रयान्सिस बेकन**

(१५६१-१६२६)

# लेखनशैली

राम्रोसँग लेख्नाको निमित्त मानिसलाई तीन आवश्यक कुरा छन्– सबभन्दा बेस ग्रन्थकार पढ्नु, सबभन्दा बेस वक्ताहरूमा ध्यान दिनु र आफ्नै शैलीको खुब अभ्यास गर्नु।

लेखनशैलीको विषयमा के लेख्नुपर्दछ र कुन तवरसँग, यो सम्झनालाई पहिले विषयको अभ्यास र मनन गर्नुपर्दछ; तब शब्द छान्नुपर्दछ र दुवैको वजनको परीक्षा गर्नुपर्दछ। रचना सुन्दर होओस् भन्नाका निमित्त सामग्री तथा शब्दलाई स्थान र क्रम मिलाउनमा होसियारी राख्नुपर्दछ। यो काम बारम्बार तथा सावधानीपूर्वक गर्नुपर्दछ। यदि श्रमपूर्वक तथा यथोचित भयो भने शैली पहिले जतिसुकै ढिला हुन जाओस् केही पर्बाह छैन।

सबभन्दा बेस मात्र छान; पहिला विचार या पहिले आएका शब्दहरूले मात्र प्रसन्न नबन; तर आफ्नो सिर्जनामा विवेचना राख; ठीक लागेका कुरामा सङ्गति मिलाऊ। अगाडि लेखिएको कुरा बारम्बार दोहोर्‍याएर हेर; यसले सङ्गतिमा सहायता दिन्छ; मेल राम्रो गराउँछ; त्यसभन्दा बढ्ता कल्पनाको उष्णतालाई उत्तेजित गराउँछ; जो लेख्ने समयभित्रै ज्यादाजसो सेलाउने हुन्छ; यसले नयाँ तागत दिन्छ, मानौँ यसरी फर्कनाले झन् मजबुत हुन गएको हो।

कुदबाजीको जोडतोडमा हामी देख्दछौँ कि जसले सबभन्दा धेरै कुद लिन्छ उसैले सबभन्दा ठूलो फड्का मार्दछ; अथवा बाण या भाला हान्दा हामीहरू आफ्ना पाखुरा

पछाडि पठाउँछौँ, यसनिमित्त कि हाम्रो फैँकाइ झन् मजबुत होओस्। तैपनि हावाको प्रवाह राम्रो छ भने पाल खुलाएर बढ्नालाई म मनाही गर्दिनँ। खालि हावाको अनुग्रहले हामीलाई नछकाओस्। किनभने जति हामी कल्पना गर्दछौँ, त्यो सबैले सिर्जनाको विभावनामा आनन्द दिन्छ; नत्र हामी त्यसलाई कहिले पनि लेख्ने थिएनौँ। तर आफ्नो विवेकतर्फ फर्कनु र तिनीहरूलाई फेरि खेलाउनु सबभन्दा निर्भय कुरा हो; नत्र तिनको सरलताले तिनीहरूमा शङ्का उठाउन सक्तछ।

सुरूमा उच्च कोटिका लेखकहरूले यसै गरे; यिनीहरूले आफूमाथि सावधानी र परिश्रमको भार लगाए; तिनीहरूले कुनै कुरा सहसा गरेनन्; पहिले राम्रोसँग लेख्ने गरे; तब अभ्यासले सजिलो गरायो र आदत बसाल्यो। अलिअलि गरेर तिनको सामग्री झन् प्रचुरतामा देखिन थाल्यो; उनका लवज ठीकठीक आइपरे; रचना पछि लाग्यो; सबै सुनियत जहानझैँ उचित स्थानमा देखा परे।

यस कारण सबको सारांश यही हो कि छिटो लेखाइले असल लेखाइ बन्दैन; असल लेखाइले मात्र छिटो लेखाइ बन्दछ। हामीहरूको त्यस्तो शक्ति छ भन्ने विचार भए तापनि हामीहरूले त्यसलाई रोक्नु असल छ; जस्तो घोडालाई कहिलेकहिले लगामले रोकावट दिनाले उसको गति त्यतिकै रोकिँदैन, जतिको उसको तेज निस्कन्छ; फेरि जतातिर कुनै मानिसको जेहेन पुग्न सक्तछ उतैतिर उसको ज्यादा कोसिस हुनुपर्दछ; उतैतिर आफूलाई उचाल्नु र फैलाउनुपर्दछ; जस्तो सानो उचाइका मानिसहरू औँलाको भरमा उचालिन्छन् र उच्च नभए पनि बराबरसम्म हुन्छन् फेरि जस्तो समर्थ तथा परिपक्व लेखकलाई आफ्नै भरले खडा रहनु, आफ्नै बलले काम गर्नु, आफ्नै शक्तिमा विश्वास गर्नु र कोसिस गर्नु उचित छ; त्यस्तै सुरू गर्ने र सिकारूलाई अरूका रचना पढ्नु र सबभन्दा असलचाहिँ पढ्नु बेस हुन्छ, किनभने आफ्नै कुराभन्दा अर्काको कुरा सम्झनामा मन र स्मरणशक्ति ज्यादा तीव्रतया अभ्यस्त हुन्छन्। फेरि जसले सबभन्दा बेस लेखकहरूको अभ्यास गर्दछन् र परिचय राख्दछन् यिनको केही अंश आफैँमा पाउँछन्; आफ्नो मनको प्रकाशनमा आफूले

थाहा नपाए पनि उनीहरूको जस्तै केही भन्न सक्दछन्, जसको मान आफूभन्दा माथिको प्रमाण बन्दछ।

यति मात्र होइन; अरूलाई उचित रीतिले उद्धृत गर्ने प्रशंसा कहिलेकहीँ अध्ययनको इनाम बन्दछ। कुनै मानिसलाई एक किसिमको लेखमा भन्दा अर्को किसिमको लेखमा ज्यादा सामर्थ्य या झुकाव भए पनि उसले सबमा अभ्यास राख्नुपर्दछ। किनभने बाजामा जस्तै लेखनशैलीमा पनि अल्पांशको मिलापमा लय हुनुपर्दछ।

**बेन जन्सन**
(१५६३-१६३७)

# ग्वालिनी

सुखी र सुन्दरी ग्वालिनी एउटी देहाती ठिटी हुन्। उनी बनावटी कलाले सुन्दर बन्नादेखि दूर रहन्छिन्। उनको एक नजरले समस्त मुखको शृङ्गार सर्माउँछ। सद्‌गुणको सिफारिसका निमित्त सुन्दर अनुहार नबोल्ने वक्तातुल्य छ भन्ने उनलाई याद छ; यस कारण उनी यसको पर्वाह राख्दिनन्। उनका सबै उत्तम गुणहरू उनमा यस्तो मौन भावले रहन्छन्, मानौँ तिनीहरू उनको यादविना घुसेका थिए।

उनको वस्त्रको किनारा (उनको शरीर हुन्छ) बाहिरी सूतभन्दा धेरै राम्रो छ; किनभने रेसमले आभूषित नभए तापनि उनी त्योभन्दा धेरै असल परिधान, 'निर्दोषीपन'ले सुसज्जित छन्। अबेरसम्म बिछ्याउनामा रहेर उनी आफ्नो अवस्था र रोगन बिगार्दिनन्। प्रकृतिले उनलाई सिकाएको छ कि ज्यादै अपरिमित निद्रा आत्माको खिया हो। यस कारण उनी कुखुराको साथमा जागा हुन्छिन्; रातमा पाठालाई विश्रामको घण्ट बनाउँछिन्। गाई दुहुँदा औँलाका बीचमा थुनहरू निचोर्दा यस्तो मालुम हुन्छ कि यस्तो दूध निचोर्ने यन्त्रले दूधलाई झन् सेतो वा झन् मीठो बनाउँछ। किनभने उनको हातलाई दूषित गराउन बदामको खुसबुदार पन्जा या सुगन्धी तेल उनको हातमा कहिल्यै पर्दैन। उनले काट्दा धानका बालाहरू खसेर उनको पयर चुम्दछन्; मानो आफूलाई गिराउने तिनै हातको बन्धनमा कैदी बनेर जाने उनको इच्छा थियो। उनको श्वास आफ्नै छ; नयाँ घाँसको कुन्यूझैँ वर्षभरि ग्रीष्मऋतुले सुगन्ध दिन्छ। उनी मेहनतले आफ्ना हात कडा बनाउँछिन्। दयाले दिल नरम बनाउँछिन्, जब हिउँदका साँझ सबेरै पर्दछन्, चर्खा लिएर भाग्यको भुमरी चर्खालाई हाँक दिएर गीत गाउँछिन्। उनी सबै कुरा यस्तो लज्जतको साथ गर्दछिन्; राम्रो गर्ने मन हुनाले अज्ञानले उनलाई नराम्रोसँग गर्नै दिँदैन।

उनी यस वर्षको वेतन आगामी मेलामा खर्च गर्दछिन्, आफ्ना लुगाहरू छान्दा प्रतिष्ठाभन्दा ठूलो पराक्रम दुनियाँमा गन्दिनन्। बगैँचा र माहुरीका गोला उनका सबै औषधि र चिरफार छन्। यिनैले गर्दा धेरै बाँच्दछिन्। उनी रातमा एक्लै गएर भेडाहरू गोठबाट निकाल्न सक्छिन्। उनलाई कुनै खराबीको डर छैन; किनभने उनी आफैँ मनमा खराबी राख्दिनन्। तैपनि वास्तवमा उनी कहिल्यै पनि अकेली छैनन्, कारण पुराना गीतहरू, सच्चा विचारहरू तथा छोटकरी प्रार्थनाहरूले सधैँ उनका साथ दिइरहेछन्। छोटकरी भए तापनि ती प्रार्थनाहरूको असल प्रभाव छ; किनभने पछि लाग्ने अल्सी तरङ्गहरूले तिनीहरू बिग्रेका हुँदैनन्। पछि सब कुरा, उनका सपनाहरू यस्ता पवित्र हुन्छन् कि उनी बताउन सक्दछिन्; खालि शुक्रवारको सपना उनको एक अन्धविश्वास छ उनी रिसको डरले त्यसलाई लुकाउँछिन्। यसरी तिनी जीवन बिताउँछिन्, उनको सब विचार यत्ति छ कि उनी वसन्त ऋतुमा मर्न पाऊन् र उनको कात्रोमा फूलहरूको खजाना लागोस्।

**सर टमस ओभर्बरी**

(१५८१-१६१३)

# पूरा बल्सीवाला

हरियोको निमित्त फिका गुलाबी रङ र तामाको हरियो खिया लिनू; दुवैलाई साथसाथै आलसको तेलमा पिँध्नू; जति राम्रोसँग पिँध्न सकिन्छ उति मसिनो गर्नू। तब बुरूसले हल्का तवरले लगाउनू र पातलो बनाएर मिलाउनू, अक्सर राम्रोसँग लाग्यो भने एकैबाजि लगाउनाले पुग्नेछ, दुईबाजि लगाउनुपर्‍यो भने दोस्रो बार रङ लगाउनुभन्दा अगाडि पहिले रङ बिलकुल सुक्खा भएको निश्चय गर्नू।

अब महाशय! तपाईँलाई दण्ड रँगाउन सिकाएपछि टटनहाम हाइक्रसलाई अझ आधा कोस बाँकी हुनाले त्यतातरि मधुर हनि सकलको झाडीको ठन्डा छहारीमा हिँड्दा हामी दुईको भेट भएदेखि मेरो मनमा आधिपत्य जमाउने विचार र आनन्दहरूको बयान म गर्नेछु। यी विचार म तपाईँलाई बताउँछु– यसनिमित्त कि हाम्रो आनन्दका निमित्त हरेक असल तथा परम वरदान दिने दातालाई धन्यवाद दिनामा तपाईँ पनि मेरो साथ दिनुहोला। हाम्रो आनन्द झन् ठूलो देखियोस् र हामीहरू यसको निमित्त अझ कृतज्ञ बनौँ भन्ने अभिप्रायले तपाईँलाई मेरो साथ यो कुराको विचार गर्न प्रार्थना गर्दछु। अहिलेको यही समय कति जना पत्थरी वात र दन्तपीडाका कष्टमा परेका होलान्, तर हामीहरू यिनबाट बचेका छौँ। हरेक दुःख जसबाट म छुटकारा पाउँछु मउपर एक नयाँ अनुग्रह हो। त्यस कारण हामीहरू कृतज्ञ बनौँ।

हाम्रो भेट भएदेखि हातखुट्टा भाँचिने आपत्ति भोग्ने अरूहरू छन्; कसैलाई बिजुली लागेको छ; कसैमाथि बज्रपात भइरहेको छ। यिनबाट हामी बचेका छौँ, त्यस्तै मानव-प्रकृतिलाई धम्की दिने अरू धेरै क्लेशबाट पनि। यस कारण हामी खुसी मनाऔँ र कृतज्ञ

बनौँ। यति मात्र होइन, दोष लगाउने, दुःख दिने अन्तस्करणको अबाह्य बोझबाट पनि हामीले छुटकारा पाएका छौँ। यो कसैले सहिनसक्नु अभाग छ। यस कारण यो सब हटाउने अनुग्रहको निमित्त उनको स्तुति गरौँ; भनौँ, 'हरेक दुःखको अभाव मउपर एक नवीन अनुग्रह हो, म तपाईँलाई अझ भन्दछु; हाम्रो सम्पत्तिभन्दा चालीस गुना बढ्ता भएका धेरै होलान्, तिनीहरू हामीजस्तै निरोगी आनन्दी हुनलाई त्यसको धेरैजसो भाग चढाउन तयार होलान्; हामीहरू थोरै पैसाको खर्चले खाएका, पिएका, हाँसेका, बल्सी मारेका, गीत गाएका, मस्तसँग सुतेका छौँ; भोलिपल्ट उठेर फिक्री पसाएर फेरि गाएका, हाँसेका र बल्सी खेलेका छौँ।

यी त्यस्ता आनन्दी छन् जो धनाढ्यहरूले आफ्ना सबै पैसाले पनि खरिद गर्न सक्दैनन्। महाशय! तपाईँलाई यो पनि भनूँ– मेरा एक छिमेकी छन्; उनी यस्ता परेसान छन् कि उनलाई हाँस्ने फुर्सदै छैन। उनको जिन्दगीको समस्त कर्तव्य पैसा बटुल्नु, अझ ज्यादा पैसा बटुल्नु मात्र छ; अभिप्राय यत्ति कि उनलाई अझ ज्यादा मिलोस्। उनी सलोमनको उक्ति कहन्छन्– 'मिहनती हात दौलतमन्द बन्दछ।' यो कुरा वास्तवमा साँचो हो।

तर उनी विचार गर्दैनन् कि मानिसलाई सुखी नबनाउनु दौलतको शक्तिभित्र छैन। किनभने एक दूरदर्शीले बुद्धिमानी तवरले भनेका छन्– 'दौलतको उसतरफ उत्तिकै दुःखहरू हुन सक्दछन् जत्तिको यसतरफ छन्।' तैपनि ईश्वरले हामीलाई दारूण दारिद्र्यबाट बचाऊन् र हामीहरू सन्तुष्ट तथा कृतज्ञ बनौँ।

यदि हामीहरूले अरूलाई वैभवले सम्पन्न देख्छौँ भने हामीहरू असन्तुष्ट नबनौँ अथवा ईश्वरका वरदानहरू बराबरसँग बाँडिएका छैनन् भन्नेसम्म पनि विचार नगरौँ, अक्सर धन राख्ने कुञ्जीजस्ता चिन्ताहरू धनीको कमरबन्दमा गहुँगो तवरले लड्किरहेछन्; अरूहरू आनन्दसँग निदाएका बेलामा पनि तिनले उनलाई चिच्च्याहटका दिन तथा अशान्तिका रातले बाधा गरिरहेछन्। हामीहरू धनी मानिसका सुखको बाहिरी अनुहार मात्र देखिरहेछौँ। बहुत कमले उनीहरूलाई रेसमका कीराजस्ता भन्ने विचार गर्दछन् जसले

क्रीडा गरेझैँ मालुम हुँदाहुँदै उसै समयमा आफ्ना आन्द्राभुँडी काटिरहेछन् र आफैँलाई सिद्ध्याइरहेछन्। धेरै वैभवशालीहरूले यसै गरिरहेछन्। सायद बेयाद प्राप्त भएको धन रक्षण गर्नालाई खियाउने फिक्रीहरूको भार बोक्दछन्; यस कारण स्वास्थ्य तथा खान पुग्दो अवस्थाको निमित्त हामीहरू कृतज्ञ बनौँ, सबभन्दा ज्यादा, शान्त अन्तःकरणको निमित्त।

महाशय! म तपाईँलाई यो कुरा पनि बताऊँ– एक दिन डायडेनिज आफ्ना दोस्तका साथमा एउटा गाउँको हाट हेर्न गएका थिए। त्यहाँ उनले फित्ता, ऐना, सरौताहरू, बेलाहरू, खिलौना, घोडाहरू र अरू झिलिमिली अगडम-बगडम मालहरू देखे, जसले पूरा देहाती मेला बन्दछ। उनले दोस्तसँग भने– 'ईश्वर! दुनियाँमा कति चीजहरू रहेछन् जसको डायडेनिजलाई आवश्यकता नै छैन।' जरूरत नभएका चीजहरूको पिछामा आफूलाई जोत्ने र दिक्क गराउने धेरै मानिसहरूलाई पनि यस्तै लाग्ने थियो, अथवा यस्तै हुन सक्ने थियो। आफ्नो जीवन सुखी गराउनालाई ईश्वरले प्रशस्त दिएका छैनन् भनेर के कुनै मानिसले ईश्वरलाई दोषारोपण गर्न सक्दछ? निस्सन्देह सक्दैन; किनभने प्रकृति थोरैमा सन्तुष्ट छन्। तैपनि तपाईं यस्तो मानिस कमै भेट्नुहोला, जसले एक-न-एक अभावको उजुरी गर्दैन। वास्तवमा आफ्नो इच्छासिवाय अरू कुराको अभाव छैन, सम्भवतः आफ्नो बिचरो छिमेकीले आफूलाई पूजा गरोस् या खुसामद गर्न आओस् भन्ने इच्छा। यसरी सुखी र शान्त हुन सक्ने समयमा हामीहरू आफ्नै निमित्त दुःख उब्जाउँछौँ।

आफू भएभन्दा अग्लो भएन भनेर आफूसँगै चिढ लिने एउटा मानिसको कुरा मैले सुनेको छु। त्यस्तै एउटी स्वास्नीमानिसको कुरा सुनेको छु जसले आफ्नो ऐना फुटाइन्; कारण, त्यस ऐनाले नजिककी छिमेकीको जस्तै तरूण र सुन्दर वदन देखाएन। म आर्को मानिसको याद पाउँछु जसलाई ईश्वरले स्वास्थ्य र प्रचुरता दिएका थिए; तर एउटी स्वास्नी पनि, जसलाई प्रकृतिले रिसाही र खसमको पैसाले धनाभिमानिनी बनाएको थियो। धनी हुनाको कारण र अरू कुने गुणको कारणले होइन उसलाई गिर्जाघरमा सबभन्दा उच्चासनमा बस्नुपर्दथ्यो। त्यो नभएको हुनाले उसले आफ्ना स्वामीलाई

त्यसको निमित्त लडन्त गर्न लगाई, आखिरमा आफूजत्तिकै धनी छिमेकीसँग अदालत गर्न लगाई। त्यस छिमेकीकी स्वास्नी पनि ऊजत्तिकै रिसाही तथा धनाभिमानी थिई।

यस मुद्दाले झन् ठूला विरोध, बात लाग्ने कुराहरू, झन् अरू दिक्क र मामिलाहरू पैदा गऱ्यो। किनभने तपाईँले सम्झनुपर्दछ, दुवै धनी थिए; त्यस कारण दुवैले आफ्नोआफ्नो इच्छा नपुऱ्याई हुँदैनथ्यो। अब यो जिद्दीदार, धनाभिमानी झगडा पहिली स्त्रीका खसमको जिन्दगीसम्म रह्यो; त्यसपछि उसकी स्वास्नी जुझी, बाझी, बाझी, जुझी र आखिरमा आफैँलाई च्याहानभित्र जुझाई। यसरी यी गरिब (बिचरा) धनीको दौलत सराप परेर दण्ड बन्न गयो; किनभने तिनीहरूको नम्र तथा कृतज्ञ हृदय थिएन। यसैले मात्र हामीलाई सुखी बनाउन सक्दछ।

मलाई एउटा स्वास्थ्य र धन दुवै भएका मानिसको याद छ, उनका अनेक सुन्दर र तयारी सजिएका घर थिए। उनी आफूलाई आफ्ना परिवारलाई एक घरबाट अर्को घरमा सर्ने कष्ट उठाइरहन्थे, एक जना दोस्तले उनलाई सोधे के कारण उनी यसरी घरघर सरिरहेका थिए। उनले जबाफ दिए, 'तिनीहरूमध्ये एउटामा सन्तोष पाउनको निमित्त।' तर उनका दोस्तले उनको स्वभाव थाहा पाएका हुनाले भने, 'यदि उनको कुनै घरमा सन्तोष पाउने इच्छा भए उनले आफैँलाई छाड्नुपर्दछ किनभने विनीत र शान्त आत्मासिवाय अरू ठाउँमा सन्तोष रहँदैन।'

सेन्ट माथ्युको गस्पेल (धर्मोपाख्यान)मा मुक्तिदाता इसाले भन्नुभएको कुरा पढेर विचार गऱ्यौँ भने यो कुरा राम्रोसँग देखिनेछ। किनभने त्यहाँ इसा भन्नुहुन्छ, 'दयालुहरू धन्य छन्, किनभने तिनी दया पाउनेछन्। पवित्र दिल भएकाहरू धन्य छन्, किनभने तिनीहरू ईश्वरलाई देख्नेछन्। दीन आत्मा भएकाहरू धन्य छन्, किनभने स्वर्गको राज्य तिनीहरूकै छ। विनीत पुरुषहरू धन्य छन् किनभने तिनीहरू पृथ्वीको उपभोग गर्नेछन्।' विनीतले दया नपाउने, दर्शन नपाउने र सान्त्वना नपाउने भन्ने होइन तर निरहङ्कार बनेर आफ्ना असल ईश्वरले आफूलाई भाग लगाइदिएका कुराले सन्तुष्ट बनेर विनीतात्मा र विनीतात्माले मात्र, स्वर्गको राज्यतरफ बढ्दा पृथ्वीको उपभोग पाउँछ। अरू ज्यादाको

निमित्त आफ्नो योग्यता थियो भनेर उसका अनवस्थित, सन्तापक, अशान्त विचारहरू हुँदैनन्, आफ्नो बुद्धिमान् ईश्वरले आफ्नो भागमा दिएको भन्दा बढ्दा धन र आदर अरूहरूले भोग गरेको देखेर ऊ दिक्क हुँदैन; परन्तु जो आफ्नो साथमा छ उसले विनीत र सन्तुष्ट शान्तिको साथ उपभोग गर्दछ– यस्तो शान्ति, जसले गर्दा उसका सपनाले समेत आफूलाई र ईश्वरलाई पनि खुसी राख्दछन्।

मेरा सच्चा महाशय! यो सबै तपाईँलाई कृतज्ञतातरफ झुकाउनलाई भनेको हो। तपाईँको झुकाव बढाउनालाई म यो पनि भनूँ। यद्यपि सिद्ध डायभिड हत्या, व्यभिचारका र धेरैजसो महापापहरूका दोषी थिए, तैपनि उनी ईश्वरको दिलमुताबिकका मानिस कहलाइएका थिए। किनभने, धर्मशास्त्रमा बयान गरिएका अरू सबैभन्दा उनमा कृतज्ञता प्रचुर मात्रामा थियो। यो कुरा उनका भजनका किताबबाट देखिन्छ। त्यसमा आफ्ना पाप र अयोग्यताको स्वीकार तथा ईश्वरको क्षमा र दयाको निमित्त कृतज्ञताको यस्तो सम्मिश्रण छ कि ईश्वरबाट पनि उनी आफ्ना दिलमुताबिकका मानिस ठहराइए। यस कुरामा हामीहरू पनि उनीजस्तै हुन सकेसम्म कोसिस गरौँ। हामीहरूले दिनदिनै ईश्वरबाट पाएका आनन्दहरू सुलभ हुनाको कारणले तिनीहरूको मूल्य कम नसम्झौँ; अथवा तिनका निमित्त पनि ईश्वरको भजन गर्न नछाडौँ। हामीहरूको भेट भएदेखि हामीहरूले भेटेका ती रमाइला नदीहरू, गौचरहरू, फूलहरू, छहराहरू हेर्न पाउनालाई अन्धा मानिसहरू के दिने थिएनन्?

मैले सुनेको छु– यदि कुनै मानिस अन्धो जन्मेर जीवनभरमा एकै घण्टाको निमित्त नजर पाउन सक्यो भने पनि र यदि त्यसले उदय अथवा अस्तकालमा आफ्ना नजर पूर्ण महिमामय सूर्यमा लगाउन सक्यो भने त्यो यस्तो चकित हुने थियो र आनन्दमा मग्न हुने थियो, यस दुनियाँले उसलाई देखाउन सक्ने अरू अनेक सौन्दर्यहरू हेर्नालाई यो पहिलो मोहन दृश्यबाट आफ्ना आँखा फर्काउने थिएन। यी र यस्ता किसिमका अनेक अरू आनन्दहरूको हामीहरू रोजरोज उपभोग गरिरहेछौँ। तिनीहरू यस्ता सुलभ भएका हुनाले तिनीहरूमध्ये धेरै मानिसहरू स्तुति चढाउन बिर्सन्छन्।

तर हामीहरू नबिर्सौं। किनभने यो एउटा उपहार हो। जसले उनलाई प्रसन्न गराउँछ, जसले सूर्यलाई र हामीहरूलाई बनाए; जसले हामीहरूको रक्षा गर्दछ र हामीहरूलाई फूलहरू, वर्षहरू, पेट, खाना, सन्तोष र माछा मार्न जाने फुर्सद दिन्छन्।

**आइजाक वाल्टन**
(१५९३-१६८३)

# बोक्सीविद्या

केही यस्ता पक्षहरू छन् जसमा मानिसले निष्पक्ष रहनुपर्दछ। एकतरफ या अर्कोतरफ सम्मति मिलाउन हुँदैन। आफ्नो भूल या पूर्वविश्वास हटाउनामा सावधान रहन खोज्ने मनलाई यस्तो किसिमको कुनै दृढतामा स्थित नहुने अस्थिर विश्वासको पूर्णतया आवश्यक रहन्छ। हामीसँग सम्बन्ध नभएका कुरामा जब दुवैतरफ बहसको जोड लाग्दछ सबभन्दा निर्भय रीति यही हुन्छ कि कतैपट्टि पनि नलाग्न।

यही किसिमको मनोवृत्तिले म बोक्सीविद्याको विषयमा विचार गर्दछु। गजब संसारका हरएक भागबाट गरिएका बयान म सुन्दछु, म यो विचार नगरी सक्दिनँ कि भूतप्रेतसँग यस्तो साहचर्य हुनुपर्दछ जसलाई हामी बोक्सीविद्याको नामले प्रकाश गर्दछौँ। र जब म विचार गर्दछु कि संसारका सबभन्दा ज्यादा अशिक्षित तथा सहजविश्वासी भागमा यस्ता कुरा सबभन्दा प्रचुर मात्रामा पाइन्छन् र हामीहरूमध्येमा यस्तो आसुरी साहचर्यमा प्रवृत्त सम्झिएकाहरू कमजोर बुद्धि र सड्कलो कल्पना भएका हुन्छन् र यसका साथसाथ सबै युगमा पत्ता लागेका यस कसिमका अनेक छकावट तथा भ्रमउपर तर्कना गर्दछु, म मेरो विश्वासलाई अनिश्चितावस्थामा राख्न खोज्दछु, जबसम्म आजतक मेरो ज्ञानमा आएको बयानभन्दा बढ्ता निश्चयात्मक वर्णन म सुन्नेछैन। अथवा मेरो विचार खुलस्त भनूँ भने म प्रायः विश्वास गर्दछु कि बोक्सीविद्या भन्ने कुरा भएको थियो, छ पनि; तर त्यसका साथसाथै यसको कुनै विशेष उदाहरण पत्यार गर्न सक्दिनँ।

हिजोको घटनाले म यस तर्कमा लागेको छु। यसको लम्बा बयान म पाठकलाई दिन्छु। जब म सर रजरका साथमा उनको काननको एक बगलमा हिँडिरहेको थिएँ, एउटी

स्वास्नीमानिसले मसँग दानको निमित्त प्रार्थना गरी। उसको मूर्तिले र लगाइले मलाई ओटवेको निम्नलिखित बयान मनमा ल्यायो–

*'सानो गल्ली अँध्यारोबिच सफर लिँदा एक देखेँ बुढीया*
*कुप्री भै दोब्रिएकी अधिक वय हुँदा चाउरीले चुनाउ।*
*सुख्खा घोचा बटुल्दी गुनगुन गरदै शब्द गर्दी अकेली*
*उस्का आँखा अनौठा अतिशय जलदा आँसुले लाल दुःखी ॥*

*ठण्डी वातातुती भै शिर हिलिरहने हात नै वैलिएका*
*धर्के पर्दा कुनैको अतिशय चिथरा खण्डले बेह्रिएका।*
*बाङ्गा ती काँध त्यस्का जिउ यति पहिरी शीतदेखी बचेको*
*उस्को त्यो जीर्णकायाउपर वसनमा एकता नै थिएन ॥*

*उस्का तल्ला लुगामा रङ धवल तथा लाल काला पहेँला*
*झुत्राले भिन्न रङ्गी तुनि-तुनि कपडा बल्ल गाँसी जुटेका।*
*दुःखी दुर्भाग्य त्यस्को विविध रङ दिई गर्न खोज्थे बयान ॥'*

जब म यो वर्णनउपर गौड गरिरहेको थिएँ र म अगाडिको पात्रसँग तुलना गरिरहेको थिएँ, महाशयले भन्नुभयो कि यो अत्यन्त बूढी स्त्री बोक्सी भनी देहातभर प्रख्यात भएकी थिई। उसका ओठहरू हमेसा चलिरहेका देखिन्थे। उसको घरमा एउटा यस्तो कमानी थिएन जसले उसलाई सयकडौँ मीलसम्म पुऱ्याएको छ भन्ने विश्वास उसका छिमेकीहरूमा थिएन।

यदि त्यसको ठेस खाने संयोग भयो भने तिनीहरू उसको अगाडि 'क्रस्'को रूपमा रहेको लट्ठी या पराल सधैँ पाउँथे। यदि त्यसले गिर्जाघरमा कुनै भूल गरी भने र अनुचित ठाउँमा 'तथास्तु' भनी भने तिनीहरू यो विचार गर्न कहिल्यै पनि चुक्दैनथे कि उसले

प्रार्थनालाई उल्टो भन्न लागेकी थिई। त्यो प्रान्तमा कुनै ठिटी थिएनन् जसले उसको हातबाट एउटा पिससम्म पनि लिऊन्, यद्यपि त्यसले त्यसका साथमा रूपियाँको थैलो नै देओस्। त्यो 'मल ह्वाइट' भन्ने नामले विख्यात छ। भरदेहातलाई अनेक काल्पनिक पराक्रमले गुञ्जायमान गराएकी छ। यदि ग्वालिनीले आफूले भनेजस्तो चाँडो नौनी बनाउन सकिन भने मधानीको पींधमा 'मल ह्वाइट' छ। यदि तबेलामा घोडालाई पसिना आयो भने 'मल ह्वाइट' उसको पीठमाथि थिई। यदि कुनै चौगडा कुकुरहरूबाट अनपेक्षित बचावट पाउँदछ भने शिकारीले 'मल ह्वाइट'लाई सराप्दछ। सर रजर भन्दछन्, 'ह्वैन। कुकुरको बथानको नाइकेले यस्तो मौकामा आफ्नो एक जना नोकरलाई, 'मल ह्वाइट' त्यस बिहान निस्केकी थिई कि भनेर हेर्न पठाएको मैले आफैँले थाहा पाएको छु।'

यस बयानले जिज्ञासा यति उठायो कि मैले मेरा दोस्त सर रजरलाई मेरो साथमा उसको झुप्रोमा जान प्रार्थना गरेँ। त्यो झुपडी जङ्गलको किनारामा एउटा निर्जन कुनामा खडा थियो। हामी पहिले भित्र पस्दैमा सर रजरले मतिर आँखा झिम्क्याएर केही चीज औँलाले देखाए; त्यो ढोकापछाडि रहेको थियो। त्यसतर्फ हेर्दा मैले एउटा पुरानो कुचो देखेँ, त्यसै बखतमा धुवाँ जाने ढ्वाङको कुनामा बसेको एउटै राघेपाटे बिरालोको तरफ नजर दिनालाई मसँग कानेखुसी गरे। ती महाशयले मलाई भने कि यो बिरालो पनि 'मल ह्वाइट'जस्तै खराब प्रवाहमा रहेको थियो किनभने 'मल' बराबर त्यो बिरालोको साथमा त्यही रूपमा हिँड्दथी भन्दथे। त्यसउपर यस्तो किंवदन्ती पनि थियो कि त्यो बिल्लीले आफ्नो जीवनमा दुई या तीनबाजि बोलेको पनि थियो; त्यस्तै साधारण बिरालोको शक्तिउपरका अनेक खेल खेलेको थियो।

मानिसको प्रकृतिलाई यस्तो दुर्भाग्य तथा दूषणमा देखेर मलाई मनैमन दया उठ्यो। तर सर रजर त्यो बूढी स्वास्नीमानिसको विषयमा अलिकति भ्रान्तिमा थिए। उनले न्यायाध्यक्षको रूपमा त्यो बूढीलाई शैतानसँग सब साहचर्य हटाउनू र आफ्ना छिमेका

गाईबस्तुको नोक्सान नगर्नू भन्ने अनुशासन दिएको सुनेर म नमुस्काई रहन सकिनँ। हामीहरूले हाम्रो भेटलाई एउटा दानले समाप्त गर्‍यौँ जो अत्यन्त सुगृहीत भयो।

हामी घर फर्कँदा सर रजरले मलाई भने कि केटाकेटीलाई पिन ओकल्न लगाउनाले र ठिटीहरूलाई ऐँठन गर्नाले 'मल' उनको सामनेमा धेरै पटक ल्याइएकी थिई। यदि उनी र उनको पादरी नभए देहातीहरूले उसलाई पोखरीमा मिल्काउने र उससँग हररोज अनेक परीक्षा गर्ने थिए।

म यो बयानमा अलि ज्यादा विशिष्ट भएको छु; किनभने म सुन्दछु, कि बेलाइतमा यस्तो एउटा गाउँ कमै होला जहाँ एउटा 'मल ह्वाइट' भित्र होओइन, जब एउटी बूढी स्त्री जरावैकल्यमा प्राप्त हुन्छे त्यो अक्सर गरेर बोक्सी बनाइन्छे, सब देहातलाई अपरिमित तर्क, काल्पनिक अस्वस्थता र भयङ्कर सपनाहरूले भरिदिन्छे। त्यस बखतमा त्यो बिचरी दुर्भागिनी यति जनसङ्ख्याका खराबीको निर्दोषी कारण बन्दछे र आफैँउपर तर्सन थाल्दछे। तब कहिले गुप्त साहचर्य तथा परिचयको बयान गर्दछे जो उसको कल्पनाले भ्रान्तिमय बुढेसकालमा रच्दछ। यसले गर्दा दयाका महान् पात्रबाट दातृत्व हटाइदिन्छ; यसले मानिसहरूमा तिनका तरफ कुत्सित भाव उत्तेजित गराउँदछ, जो मनुष्यजातिका बिचरा दीनहीन भाग छन् र जसमा मानवप्रकृति कमजोरी तथा जरावैकल्यले विकृत भएको।

**जोजक आडिसन**

(१६७२-१७१९)

# संवादकला

योजत्तिकै थोरै पटक अथवा कमसे कम यत्तिको हलुका तवरले छोइएका स्पष्ट विषय मैले बहुत कम देखेको छु। वास्तवमा जोजत्तिकैमा बयान गर्न कठिन विषय थोरै छन्। न त यसउपर भन्दा बढ्ता कुरा भन्न सकिने विषय धेरै छन्।

मानिसहरूले सार्वजनिक या आत्मीय सुखका निमित्त पछि लागेको धेरैजसो कुरालाई हाम्रो बुद्धि या मूर्खताले यस्तो संशोधित गरिसकेको छ कि तिनीहरू विचारको रूपमा सिवाय अरू रूपमा बहुतै कम पाइन्छन्। सच्चा दोस्त, असल विवाह, शासनको सर्वोत्तम पद्धति इत्यादि आफ्नाआफ्ना किसिमले असल यति अङ्गहरू चाहन्छन् कि केही हजारौँ वर्षसम्म मानिसहरू आफ्ना प्रबन्धलाई पूर्णतामा पुऱ्याउनदेखि निराश रहेका छन्। तर समालापमा यस्तो छैन अथवा हुने थिएन; किनभने यसमा हामीहरूलाई खालि भूलको बाहुल्य हटाउनु छ। यो कठिनाइको कुरा छ तापनि हरएक मानिसको शक्तिभित्रको कुरा छ। यी भूल नहटाउनाले यो पनि अगाडिको जस्तै खालि विचारको रूपमा रहन्छ।

यस कारण मलाई लाग्दछ कि संवादलाई बुझ्नाको सबभन्दा सच्चा मार्ग, यो जुन दोष तथा भूलको अधीन छ तिनीहरूलाई याद राख्नु हो र त्यसबाट हरएक मानिसले यसलाई नियमित गराउनालाई सूत्र बनाउनु हो। किनभने यसलाई थोरै यस्तो बुद्धि चाहिन्छ जो नलिएर बहुत कम मानिस जन्मेका छन्, अथवा जुन बुद्धि ठूलो प्रतिभा या अध्ययनविना हासिल गर्न सकिन्न, कारण प्रकृतिले हरएक मानिसलाई महफिलमा तेजस्वी हुने सामर्थ्य नदिए तापनि प्रिय हुन सक्ने शक्ति दिएको छ। फेरि यी दुवै कामको

निमित्त प्रशस्त योग्यता भएका सयका सयकडौँ मानिसहरू छन् जो आधा घण्टामा आफूले सच्याउन सक्ने दोषले गर्दा सहायसम्म पनि छैनन्।

सबै मानिसको सामर्थ्यभित्र यसरी रहेको जीवनको हरेक समय तथा अवस्थालाई यस्तो उचित, यस्तो उपयोगी तथा निर्दोष आनन्दलाई यसरी बेपर्बाह र कुप्रयोग गरेको विचार गर्दा केवल रिसले नै यस विषयमा आफ्नो विचार लेख्न उठेको हुँ।

अब यस विषयवर्णनमा स्पष्ट देखिने तथा बहुत कम देखिने भूलहरूको आलोचना गर्नु आवश्यक हुनेछ। किनभने जत्तिकै साफसाफ या मानिइआएका भूल हुन्, यस्ता गलतहरू थोरै छन् जसमा कोही न कोही समयमा धेरैजसो मानिसहरू पर्न सम्भव छैन।

जस्तो कि ज्यादा बोल्ने मूर्खताभन्दा बढ्ता हँस्सी उठाइएको केही छैन। तैपनि पाँचजना मानिस जुटेका मैले कमै देखेको हुँला, जहाँ बाँकीमा रोकावट र अरुचि उठाएर यस किसिममा कोही एक जना प्रधान भएको होओइन, तर शब्दको बाहुल्य व्यवहार गर्ने मध्येमा स्थिर, सचेत बोलक्कड कसैसँग तुलनीय हुँदैन। ऊ खूब विचार तथा होसियारीसाथ अघि सर्दछ; प्रस्ताव चलाउँछ; अनेक प्रसङ्गका हाँगबिँगा हाल्दछ; बीचमा एक सूचना पाउँछ जसले उसलाई एउटा कथाको सम्झना गराउँछ; त्यति सिद्ध्याएपछि त्यो कहानी कहने कबुल गर्दछ; बराबर सङ्गत विषयमा फर्कन्छ; कुनै मानिसको नाम झट्ट सम्झन सक्दैन; आखिमा 'केही छैन, भइगयो' भन्दछ, र फेरि चल्दछ। यो कामलाई गजुर लगाउनालाई सायद साथीहरूले अगाडि पचासौँबाजि सुनिसकेको कथा हुन जाला; अथा खूब भए भाषकको केही नीरस वृत्तान्त होला।

संवादमा आर्को सामान्य दोष तिनीहरूको हुन्छ जो आफ्नै बारेमा कुरा गर्न निको मान्दछन्। कोहीकोही शिष्टाचार नराखी आफ्नो जीवनको सम्पूर्ण इतिहासमा दौडन्छन्। अनेक लक्षण र अवस्थासमेत आफ्ना बिमारीको वृत्तान्त बताउलान्; अदालतमा, प्रेममा, पार्लियामेन्टमा, कानुनमा उनीहरूले भोगेका अन्याय र कठिनाइको हिसाब बताउलान्। अरूहरू अलि बढ्ता चलाक हुन्छन् र आफ्नै प्रशंसा घुसाउनलाई चातुर्यसाथ मौका हेरेर

बस्दछन् त्यस्तो विषयमा अवश्यम्भावी कुरा उनीहरूले अघि नै बताइसकेका थिए भनेर कोही साक्षीलाई सम्झन लगाउलान्; तर उनीहरूलाई कसैले पनि पत्याएको थिएन; यस्तो मानिसलाई सुरूमै उनीहरूले सल्लाह दिएका थिए, तर उसले आफ्नो बाटो छाडेन। फेरि अरूहरू आफ्नै दोष बताउने रबाफ लिन्छन्। तिनीहरू संसारमा सबभन्दा विचित्र मानिस हुन्छन्। तिनीहरू नभएको कुरा ठिक्क पार्न सक्दैनन्। यसो गर्नु मूर्खता हो भन्ने स्वीकार गर्दछन्; यसले गर्दा उनीहरूले प्रशस्त अवसर गुमाए, तर तीनै लोक दिए पनि उनीहरू लाचार छन्; उनीहरूको स्वभावै केही यस्तो छ जसले असत्यता र संवरणलाई घृणा गर्दछ। यस्तै किसिमका अनेक विषयहरू निकाल्दछन्।

मैले देखेको छु, जहाँ मानिस जम्मा भएका छन्, संयोगवश दुई जनाले पत्ता लगाउँछन् कि तिनीहरूले कुनै पाठशाला या विश्वविद्यालयमा सँगसँगै तालिम पाएका थिए। त्यसपछि बाँकी मानिसहरू चुपचापीको दण्ड भोग्दछन्। जबसम्म यी दुई जना आफू र आफ्ना साथीहरूको वृत्तान्त र धूर्त छलले परस्पर सम्झनालाई ताजा गराउँछन् अरूलाई ध्यान दिएर सुन्ने दण्ड मिल्दछ।

मलाई एउटा फौजको ठूलो अफिसरको याद छ। केहीबेरसम्म उनी कुरा गरिरहेका देखिन् रिस तथा घृणाले परिपूर्ण भएर घमन्डी तथा अधीर मूकभावले रहन्छन्; आखिरमा अकस्मात् श्रवण माग्दछन्; त्यो विषयलाई छोटकरी हठविश्वासी तवरले छिन्दछन्; तब फेरि चुपचाप रहन्छन् र अरू कुरा गर्नाको अनुग्रह देखाउँदैनन्, जबसम्म उनको चित्तवृत्ति उही ठाउँमा घुमेर आइपुग्दैन।

संवादमा केही यस्ता दोषहरू छन् जसमा वाक्चतुर मानिसहरूजस्तो अरू कोही पर्दैन। फेरि नरमभाषी साथमा रहेका बेलामा भन्दा अरू बेला त्यतिको यी भूलमा पर्दैनन्। एउटा रसिलो कुरा भन्नको कोसिसबिना उनीहरूले मुख खोले भने उनीहरू विचार गर्दछन् कि यत्तिको कुरा व्यर्थ गयो। कुरा बनाउनको तीव्र वेदनामा तथा सधैँको अवरोधमा रहेको देख्नु, सुन्नेलाई र उनीहरूलाई समेत कष्ट हुन्छ। आफ्नो विख्यात स्वभावको प्रत्युत्तर दिनालाई र आफ्नो कौशल देखाउनलाई तिनीहरूले केही असाधारण कुरा गर्नुपर्दछ; नत्र

दर्शकगणको आशा भङ्ग हुन्छ र तिनीहरूलाई साधारण शेष मर्त्यजस्ता ठान्दछन्। महफिलमा मजा दिन परिश्रमपूर्वक साथमा मिलाइएका दुइटा वाक्चतुरलाई मैले देखेको छु जो उहाँ प्रहासपात्र बनेका छन् र सबै मजाक आफैँले तिरेका छन्।

मलाई एउटा रसिकको याद छ जो कहिले पनि आराम पाउँदैनन् जहाँ उनलाई वचनको अधिकार र अध्यक्षता दिइन्न। उनलाई नयाँ कुरा जान्ने या आनन्द लिने विचार हुँदैन; तर आफ्नै बुद्धि-प्रदर्शन गर्ने विचार हुन्छ। असल समालाप होइन कि असल साथी हुने उनको काम हुन्छ। यस कारण जो उनलाई ध्यान दिएर सुन्न सन्तुष्ट छन् र आफूलाई उनका प्रशंसक जनाउँछन् उनी तिनैका साथमा बस्ने ज्यादा अभिरुचि देखाउँछन्।

वास्तवमा जिन्दगीभर मैले सुनेका सम्झेका वार्तालापमध्येमा सबभन्दा खराब 'विल्को कफी हाउस'मा भएको थियो। त्यहाँ जसलाई वाक्चतुर रसिक भन्दथे तिनीहरू जम्मा हुने गर्दथे; अथवा जसले नाटक या कमसे कम नाटकका प्रस्तावना लेखेका थिए या कुनै लेखसङ्ग्रहमा भाग लिएका थिए, यस्ता पाँच-छ मानिसहरू यतातिर आउँथे र आफूआफूलाई आफ्ना-आफ्ना क्षुद्र रचनाले आह्लादित गराउँथे, यो पनि यस्तो गौरवपूर्ण चालले कि मानो ती रचनाहरू मानुषी प्रकृतिका सबभन्दा उत्तम प्रयत्नहरू थिए, अथवा अनेक राज्यको अदृष्ट तिनैमा निर्भर थियो। बराबर विश्वविद्यालयबाट अथवा ऐनपाठशालाबाट जवान विद्यार्थीहरूका विनीत श्रोतृवर्ग तिनको संवाद सुन्न आउँदथे। यिनीहरू आदरदर्शक दूरतामा रहेर यी दिव्यभाषीहरूलाई ध्यान दिएर सुन्दथे; शिष्टता, निरूपण तथा सभ्य साहित्यको नाममा रहेका बिकम्मा चीजले मगज भरेर उनका ऐन तथा दर्शनका उपर घृणा लिएर घर फर्कन्थे।

यस किसिमले अघि धेरै वर्षसम्म सब कविहरू पाण्डित्य- दर्शनले उपप्लावित थिए। किनभने मेरो विचारमा त्यो शब्द ठीक तवरले प्रयोग भएको छैन। साधारण वार्तालापमा आफ्नै विद्यालाई ज्यादै नै बहुशः अथवा अविवेकी तवरले घुसाउनु र त्यसउपर ज्यादा महत्त्व देख्नु नै पाण्डित्य-दर्शन हो। यस वर्णनले अदालत या सेना विभागका मानिसहरू पाण्डित्य- दर्शनका दोषी हुन उत्तिकै सक्दछन् जत्तिका दर्शनशास्त्री या धर्मोपदेशक (हुन

सक्लान्)। स्वास्नीमानिसहरूमा यही दोष हुन्छ जब उनीहरू आफ्ना पेटीकोट, पङ्खा अथवा चिनियाँ मालको विषयमा ज्यादा बोल्दछन्। यस कारण यद्यपि मानिसहरूलाई आफैँले जानेको विषयमा कुरा गर्न लगाउनु विवेक तथा शिष्टाचारको अंश हो (तापनि) यो स्वतन्त्रता बुद्धिमान् पुरुषले कम लिन सक्दछ। किनभने पाण्डित्य- दर्शनको अभियोगउपर यो यस्तो विषय हुन्छ जसबाट उसले केही लाभ उठाउन सक्दैन।

**स्विफ्ट**
(१६६७-१७४५)

# स्टोइक अथवा उद्योगी सदाचारी पुरुष

मानिस र अरू जीवनको बारेमा प्रकृतिको चालचलनमा यो एउटा स्पष्ट तथा प्रधान भेद देखिन्छ। मानिसलाई उच्च दिव्य आत्माले सम्पन्न गरेर त्यस्तै उसलाई परमपुरुषहरूसँग सादृश्यको नाता जोडेर प्रकृतिले यस्ता उत्तम शक्तिहरूलाई अल्सी या जुम्सा हुन दिन्नन्। परन्तु आवश्यकताको जोडले हरेक अवसरमा उसलाई आफ्ना कौशल र क्रियालाई काममा ल्याउन कर लगाउँछिन्; पाशव जीवहरूको आवश्यकता प्रकृतिले नै पुऱ्याउँछिन्। सबै चीजको उपकारी माता प्रकृतिले उनीहरूलाई परिधान तथा हतियार दुवै दिन्छिन्। कुनै समयमा आफ्नै क्रियाको जरूरत परेमा प्रकृतिले उनमा नैसर्गिक बुद्धि प्रतिष्ठित गराएर उनीहरूलाई कौशल दिन्छिन् र आफ्ना बेभूल शिक्षाले उनको भलाइको बाटो देखाउँछिन्।

तर मानिस नङ्गा र हीन भएर कडा तत्त्वहरूको सामुन्नेमा रहेको छ। त्यस लाचार अवस्थाबाट बाबुआमाका जतन र होसियारीले सुस्तसँग उठ्दछ। सकभर वृद्धि र पूर्णता प्राप्त गरेपछि आफ्नै जतन र होसियारीले रहन सक्ने सामर्थ्य प्राप्त गर्दछ। हरक कुशलता र परिश्रमलाई सुम्पिइन्छ। जहाँ प्रकृतिले सामग्री दिन्छिन् तिनीहरू अधुरा र असंस्कृत हुन्छन्। तर सदा उद्यमशील, सदा सचेत क्रियाले तिनीहरूलाई पाशव अवस्थाबाट संस्कारशुद्ध गराउँछ र मानिसको उपयोग तथा आरामको निमित्त उचित बनाउँछ।

यस कारण हे मानिस। प्रकृतिको उपकारितालाई मान्। किनभने प्रकृतिले तँलाई तेरा सबै आवश्यकताहरू पुऱ्याउने बुद्धि दिएको छ। परन्तु कृतज्ञताको भुटो अनुहार लिएर

आलस्यले तँलाई उनका बक्सिसहरूमा सन्तुष्ट गराउन नदे। खानाको निमित्त कच्चा घाँस, छतको निमित्त खुला आकाश, जङ्गलका क्षुधातुर जानवरका विरुद्ध आत्मरक्षणको निमित्त ढुङ्गाहरूको आश्रयतिर फर्केर जान्छस्? त्यसो भए तेरो जङ्गली चालचलन, भीरू अन्धविश्वास र पाशव अज्ञानतिर फर्की जसको अवस्थाको तँ तारिफ गर्दछस् र जसका नक्कल गर्न निको मान्दछन् तिनै जानवरका तलतिर गड्।

तेरी दयालु जननी प्रकृतिले तँलाई कौशल तथा मेधा दिएर यी शक्तिहरू काममा ल्याउनालाई समग्र पृथ्वीमण्डललाई सामग्रीहरूले भरिदिएको छ। उनको आवाज ध्यान दिएर सुन्। यसले स्पष्टतया भन्छ कि तेरो परिश्रमको पात्र तँ आफैँ हुनुपर्दछ। कौशल तथा साधारणले मात्र विश्वमा आफ्नो उचित स्थानतरफ आफूलाई उठाउन सक्ने शक्ति हासिल गर्नेछस्। कुरूप तथा अनुहार नपरेको ढुङ्गालाई उत्तम चक्का बनाउने यो शिल्पकारलाई हेर्। उसले त्यो चक्कालाई आफ्ना कुशल हातले कुँदेर मानो जादुको प्रभावले आत्मरक्षणका निमित्त हरेक हतियार तथा आरामका निमित्त हरेक वर्तन बनाउँछ। उसले यो कुशलता प्रकृतिबाट पाएन। प्रयोग र अभ्यासले उसलाई यो कुरा सिकायो। यदि तँ त्यस्तै सफलताको जिज्ञासा राख्छस् भने तैँले उसको प्रयत्नमय कदमका पछि लाग्नुपर्दछ।

तर उच्चाभिलाषी तवरले तेरा शारीरिक शक्ति र सामर्थ्यपूर्ण गराउने ठूलो इच्छा राख्दाराख्दै के तँ आफ्नो मनलाई नीचा तवरले बेपर्बाह गर्दछस्? अनर्थ आलस्यले प्रकृतिको हातबाट आएजस्तै संशोधन र संवर्धनबिना छाडिदिन्छस्? विवेकशील पुरुषबाट यस्तो मूर्खतामा सधैँ दूर रहोस्। यदि प्रकृति बक्सिस वरदानमा कृपण बनेकी छन् भने न्यूनताहरू पूर्ण गर्नालाई कौशलको झन् ठूलो आवश्यकता छ। यदि उनी उदार तथा मुक्तहस्त छन् भने उनी हामीतरफबाट प्रयत्न तथा अवधानको आशा राख्दछिन् र हाम्रो बेपर्बाही अकृतज्ञताको परिणाममुताबिक हामीमाथि बदला लिन्छन्। सबभन्दा ज्यादा अब्बल जमिनजस्तै सम्पन्न प्रतिभा पनि सह्यार नगरे जङ्गली झारहरू उत्पन्न

गर्दछ। मानिसका आनन्द र उपयोगका निमित्त अङ्गुरका लहरा र जैतुनका बदलामा अल्सी मालिकका निमित्त विषको अत्यन्त फसेल बाली पैदा गर्दछ।

मानवप्रयत्नको महान् उद्देश्य सुखको प्राप्ति हो। यसैका निमित्त कलाकौशलको आविष्कार भयो; विज्ञानको अनुशीलन भयो, कानुनको व्यवस्था भयो, समाजहरूका नमुना तयार भए। देशभक्त व्यवस्थापकहरूको अधिक गहिरो बुद्धि यसैमा लाग्यो। जलवायुको कडा असर तथा जङ्गली जन्तुको क्रूरताको सामने नङ्गा बनेको जङ्गलीले पनि एकै क्षणको निमित्त पनि यो आफ्नो जीवनको परम उद्देश्य बिर्सँदैन, जीवनको प्रत्येक कला नजाने तापनि उसले ती सब कलाको उद्देश्य नजरमा राख्दछ र आफूलाई चारैतरफ घेर्ने अन्धकारको बीचमा उत्कण्ठापूर्वक आनन्द खोज्दछ।

तर व्यवसायले आविष्कार गरेका हरेक आरामलाई कानुनको आधारमा उपभोग गर्ने शिष्ट सहरियाभन्दा हदसे हद जङ्गली जति नीचो दर्जामा छ त्यस्तै विवेकद्वारा हरेक प्रवृत्ति तथा उपयोगको उचित गणना राख्न सिकेको आफ्ना आसक्तिहरू दबाउन सक्ने आफ्ना रागहरू कायममा राख्ने सदाचारी पुरुष र सच्चा दार्शनिकभन्दा पुरवासी आफैँ उत्ति नीचा दर्जामा छ। कारण के हरेक अरू प्राप्तिको निमित्त कला तथा अभ्यासको जरूरत छ? र के हामीहरूलाई यो मुख्य विषयमा बाटो देखाउने जीवनका कला नियम र आदेशहरू छैनन्? के कुनै आनन्द कौशलविना उपलब्ध छैन? र के समस्त जीवन, विचार र जेहेनविना राग र नैसर्गिक बुद्धिको अन्धो मार्गदर्शनले चलेको छ? निश्चय यो विषयमा केही भूल हुन सक्दैन।

परन्तु हरेक मानिस जत्तिकै विषयी र बेपर्बाही भए तापनि त्यत्तिकै बेभूल चालले सुखको पिछामा लाग्दछ जत्तिको बेभूल चालले सर्वशक्तिमान्को हातले बाटो देखाएका स्वर्गका नक्षत्रहरू आकाशको मैदान घुम्दै चल्दैनन्। तर यदि भूलहरूको खाता बनाऔँ; तिनका कारणहरू सम्झौँ; तिनका गुरुत्वको वजन लिऔँ; तिनका उपचारहरूको खोजी गरौँ। जब यसबाट चरित्रका सम्पूर्ण नियमहरू हामी स्थापित गर्दछौँ, हामीहरू दार्शनिक

हुन्छौँ। जब हामीहरूले यी नियमहरूलाई अभ्यासमा परिणत गर्दछौँ, हामीहरू सिद्ध हुन्छौँ।

कुनै यन्त्रका भिन्न पाङ्ग्रा या कमानीहरू बनाउन लगाइएका तल्ला दर्जाका कालिगडझैँ ती मानिसहरू छन् जो जिन्दगीका विशिष्ट कलाहरूमा कुशल छन्। पूरा कालिगड त्यही हो जसले ती विभिन्न भागहरूलाई साथमा मिलाउँछ, तिनीहरूलाई ठीक संयोग र हिसाबमा चलाउँछ र तिनको सम्मिलित क्रमको फलस्वरूप सच्चा आनन्द पैदा गर्दछ।

मानिस! जब तेरो नजरसामने यस्तो मोहन उद्देश्य छ, के त्यसको साधनका निमित्त आवश्यक सावधानी र मिहिनेत कहिल्यै बोझ र असह्य मालुम होला? यो कुरा जान्। जुन सुखको उच्चाभिलाषा तँ राख्दछस् त्यसैको प्रधान अङ्ग यही मिहिनेत हो; जब थकावट तथा मिहिनेतद्वारा हासिल हुँदैन तब हरेक उपभोग नीरस र खल्लो हुन जान्छ; हेर्। मिहिनेती सिकारीहरू भुवादारी गद्दीबाट उठ्दछन्, गह्रौँ आँखाका ढकनीलाई अझ जोड गरिरहेको निद्रा हटाउँछन्, तब उषाले धपधपाउँदो चादरले आकाशलाई आच्छादन गर्नुभन्दा अगाडि जङ्गलतिर दौडन्छन्। आफ्नै घरमा र आसपासमा हरकिसिमका जानवरहरूलाई तिनीहरू छाडेर जान्छन् जसको मासु सबभन्दा स्वादिलो खाना हुन्छ र जो विनाशी प्रहारलाई आफैँ अघि सर्दछन्। मिहिनेती मानिस यस्तो सस्तो खरिदलाई हेलाँ गर्दछ। त्यसले यस्तो सिकार खोज्दछ जो उसको खोजदेखि लुक्दछ, उसको लखेटाइबाट भाग्दछ, अथवा उसको आक्रमणमा आत्मरक्षण गर्दछ। आखेटमा मनको हरेक रागलाई तथा शरीरको हरेक अवयवलाई व्यायाम दिएपछि तब उसले आरामको मोहनी पाउँछ र खुसीसाथ आफ्ना आनन्दहरूलाई आफ्ना मनोहर प्रयत्नसँग तुलना गर्दछ।

के हाम्रो प्रयत्नबाट अक्सर भागेर जाने हदसे हद बेकामको सिकार लखेट्नामा पनि प्रबल परिश्रमले आनन्द दिन सक्दछ? र के त्यही परिश्रमले हाम्रो मनको संवर्धन, हाम्रा रागहरूको संशोधन, हाम्रो विवेकको उद्दीपनलाई रुचिकर काम बनाउन सक्दैन?जब हामीहरू आफ्नो उन्नतिमा दिनदिनै सचेत भइरहेछौँ र नयाँ मोहनीहरूले भित्री आकृति र

अनुहार निरन्तर उज्यालिँदै गएका देख्दछौँ। यो दीर्घसूत्री आलस्यदेखि आफूलाई बचाएर आरम्भ गर। यो काम गाह्रो छैन; तिमीले सच्चा परिश्रमको मिठास मात्र स्वाद लिए पुग्दछ। हरेक वृत्तिको उचित मोल सिक्न खोज; दीर्घ अध्ययनको जरूरत छैन। एकैबार भए पनि मनलाई शरीरसँग दाँज; सदाचारलाई भाग्यसँग र यसलाई विषयभोगसँग तुलना गर। तब तिमी परिश्रमको फाइदा थाहा पाउनेछौ; तब आफ्नो परिश्रमका उचित उद्देश्यहरूको चैतन्य पाउनेछौ।

व्यर्थ तिमी गुलाबका बिछ्यौनामा आराम खोज्दछौ; व्यर्थ तिमी अत्यन्त मीठा सराब र फलफूलबाट आनन्दको आशा राख्दछौ। तिम्रो आलस्य नै चिच्च्याहट बन्दछ, तिम्रो आनन्दले नै विरक्ति पैदा गर्दछ। विनाप्रयास हुनाले मनलाई हरेक आनन्द नीरस तथा अरुचिकर लाग्दछ। कुत्सित भावनाहरूले परिपूर्ण भएर शरीरले अनेकौँ रोगहरूको वेदना थाहा पाउनुभन्दा अगाडि तिम्रो उत्तमचाहिँ भागले आक्रमण गर्दा विषको याद पाउँछ र ती दुष्ट रोगलाई झन् बढाउने निष्फल कोसिस गर्दछ।

मैले तिमीलाई भन्नु पर्दैन कि मोजको यो उत्सुक अनुगमनले तिमी आफूलाई झन्झन् भाग्य र दैवगतिको भर पार्दछौ। तिमी आफ्ना अनुराग बाहिरी वस्तुहरूसँग जोड्दछौ जो मौकाले एकैछिनमा तिमीबाट हर्न सक्दछ? म यो कल्पना गरुँ कि तिम्रा दयालु ग्रहले तिमीलाई धनसम्पत्तिको उपभोगको निमित्त सधैँ निगाह राख्नेछन्। म तिम्रो अगाडि यो कुरा सिद्ध गर्दछु कि तिम्रा विलासी आनन्दका बीचमा तिमी तैपनि सुखी छौ र ज्यादा विषयउपरको आसक्तिले गर्दा उन्नत भाग्यले उपयोग गर्न दिएका कुराहरूमा आनन्द लिन तिमी असमर्थ छौ।

तर भाग्यको अस्थिरता आँखा चिम्लन अथवा बेपर्बाह गर्न सकिने कुरा होइन। सुख त्यहाँ रहने सम्भावना छैन जहाँ स्थायित्व छैन। स्थायित्वको त्यहाँ कुनै स्थान छैन जहाँ भाग्यको शासन छ। यद्यपि ती चञ्चल देवताले तिम्रो विरुद्ध क्रोध नदेखाऊन् तैपनि त्यसको भयले तिमीलाई दु:ख दिन्छ, तिम्रो निद्रा गडबड्याउँछ; सपनाको पिछा गर्दछ, तिम्रा सबभन्दा मीठा भोजनका उल्लास ठन्डा गर्दछ।

ज्ञानको मन्दिर उज्जन्ड तत्त्वहरूको उद्वेगउपर मानिसको सम्पूर्ण द्वेषलाई अगम्य पहाडमाथि रहेको छ। गडबडाउँदो मेघ तल गर्जन्छ; मानिसको उज्जन्डताका अधिक भयङ्कर हतियारहरू यस्तो परमउच्चतामा पुग्दैनन्। त्यो शान्त पवनमण्डलमा श्वास लिएर गलतमा परेका मर्त्यहरूको भूलउपर करूणा मिसिएको आनन्दसाथ सिद्धले हेर्दछ; ती मानिसहरूको भूलउपर जो जीवनको सच्चा मार्गलाई अन्धो तवरले खोज्दछन् र सच्चा आनन्दको निमित्त धन, कुलीनता, इज्जत या शक्तिको अनुगमन गर्दछन्। अधिकांशलाई आफ्ना प्रिय आकाङ्क्षामा हताश भएको उसले देख्दछ; कोही बिलौना गर्दछन् कि आफ्ना इच्छाको पात्र एकबाजि पाए तापनि द्वेषी दैवले तिनीहरूबाट त्यसलाई छिनेर लियो; सबै उजुर गर्दछन् कि आफ्ना सङ्कल्पहरू दैवले पुऱ्याए तापनि तिनीहरूलाई त्यसले आनन्द दिन सक्दैन; अथवा उनका मनको चिन्तालाई सान्त्वना दिन सक्दैन।

तर के सिद्धले आफूलाई यो दार्शनिक निरीहतामा राख्दछ? के मनुष्यजातिका दुःखहरूमा बिलौना गरेर सन्तुष्ट रहन्छ र तिनको उद्धारको निमित्त आफूलाई कर्मक्षेत्रमा ल्याउँदैन? के ऊ हमेसा यो कठोर ज्ञानमै लिप्त रहन्छ? जसले उसलाई मानिसका असहज गुणबाट उठाउने बहानाले वास्तवमा उसको दिललाई कडा बनाउँछ र समाज तथा मनुष्यजातिको हितमा बेपर्बाही गराउँछ? होइन। ऊ जान्दछ कि यो कटु निर्भावुकतामा न सच्चा ज्ञान न त सच्चा सुख मिल्दछ। सामाजिक अनुरागको मोहनी उसले खूब तीव्रतया अनुभव गर्दछ। यस्तो मीठो, यस्तो स्वाभाविक, यस्तो पुण्यमय प्रवृत्तिलाई उसले रोक्दैन। आँसुमा नुहाएर मानिसजातिका आफ्नो देशका आफ्ना दोस्तहरूका दुःखहरूमा उसले विलाप गर्दा पनि र तिनीहरूलाई सहायता दिन असमर्थ भएर सहभावले मात्र सान्त्वना दिन सके तापनि त्यही उदार स्वभावमा उसले आनन्द लिन्छ र हदसे हद विषयानन्दित इन्द्रियको भन्दा उच्च सन्तोषको अनुभव गर्दछ। मनुष्यत्वका भावहरू यस्ता सुन्दर छन् कि तिनीहरूले दुःखको वदनैलाई उज्यालो गराउँछन्। तिनीहरू सूर्यको झैँ काम गर्दछन् जो धूवाँले बादल या झर्दो पानीमाथि चम्किएर प्रकृतिको समस्त क्षेत्रमा पाइने भन्दा गौरव लाली रङहरू त्यसमाथि चित्रित गर्दछन्।

परन्तु सामाजिक अनुराग यतिमा मात्र आफ्ना गुण देखाउने होइनन्। जुनसुकै वस्तुसँग तिनीहरूलाई मिसाइदेऊ तिनीहरू तैपनि प्रधान रहन्छन्। जस्तो दुःखले तिनीहरूलाई दबाउन सक्दैन उस्तै इन्द्रिय सुखले तिनलाई मलिन गराउन सक्दैन। जतिसुकै सोद्वेग भए तापनि प्रेमका आनन्दले सहानुभूति तथा वात्सल्यका कोमल भावहरूलाई हटाउँदैनन्। तिनीहरू आफ्ना मुख्य प्रभाव अझ त्यही उदार भावबाट पाउँदछन्। खालि अलग मात्र देखा परे असुखी मनलाई ग्लानि तथा विरक्तिसिवाय केही दिँदैनन्। यो मजाको विलासीलाई हेर। उसले मौज र मदिराका आनन्दसिवाय अरू आनन्दउपर घृणा देखाउँछ। उसलाई आफ्ना साथीहरूबाट छुट्ट्याऊ – झिल्कालाई आगोबाट छुट्ट्याएझैँ जहाँ पहिले त्यस झिल्काले समस्त ज्वालालाई सहायता दिन्थ्यो उसको छरितोपन सहसा निभ्दछ; आनन्दका हरेक अरू उपायले घेरिएको भए तापनि उसले त्यो ठूलो भोजनलाई घृणा गर्दछ। उसले हदसे हद गहिरो अध्ययन तर्कनालाई बढ्ता रुचिकर तथा आनन्ददायी सम्झेर रोज्दछ।

तर सामाजिक अनुरागहरू यस्तो उच्च आनन्द कहिल्यै दिँदैनन्, ईश्वर तथा मानिसका नजरमा यस्तो गौरवपूर्ण अनुहार कहिल्यै देखाउँदैनन् जस्तो हरेक पार्थिव सम्मिश्रणलाई हटाएर तिनीहरू सदाचारका भावहरूसँग सम्मिलित हुन्छन् र हामीहरूलाई प्रशंसनीय तथा लायक काममा लगाउँछन्, जस्तो मिलेका रङहरू आफ्नो सहायक मेलले परस्पर उज्ज्वलता दिने र लिने गर्दछन्; मानिसका मनका उच्च भावहरूले पनि यसै गर्दछन्।

बाबुआमाको स्नेहमा प्रकृतिको विजय हेर, यसको सामनेमा कुन स्वार्थी इच्छा कुन विषयसुख जोडा लाग्न सक्दछ? चाहे कुनै मानिस आफ्ना सन्तानको उन्नति र गुणमा गद्गद होओस् या धम्की दिने र महान् आपद्मा तिनको सहायतालाई दोडोस्।

उदार भावहरूलाई जति पवित्र गराउँछौ तिमी त्यसका उज्याला महिमाहरूको उति तारिफ गर्नेछौ। हृदयहरूका मिलापमा तथा आदर कृतज्ञताउपर उठेको मित्रभावमा कस्ता मोहनी छन्। दुःख परेकाको उद्धार गर्नामा, आपद्मा परेकालाई आरामी दिनामा, पतितको उत्थानमा, निष्ठुर दैवको गतिलाई रोक्नामा र अझ निष्ठुरी मानिसले असल र

सदाचारीउपर अपमान गर्दा रोकावट गर्नामा कत्रो सन्तोष छ! अझ दुराचार तथा दुःखउपर विजय गर्नामा कस्तो परमआनन्द छ! जब सदाचारका दृष्टान्तले अथवा बुद्धिमानी तवरको औपदेशिक प्रेरणाले आफूसमानका सबै प्राणीले आफ्ना रागहरू कायम राख्न दुराचारको सुधार गर्न आफ्ना छातीमा वास गर्ने सबैभन्दा दुष्ट शत्रुहरूले दमन गर्न सिक्दछन्।

तर यी उद्देश्यहरू मानिसका मनका निमित्त अझ ज्यादै सङ्कुचित छन्। मानिसको मन दिव्य उत्पत्तिको हुनाले अत्यन्त दिव्य तथा विशाल अनुरागहरूले प्रफुल्लित हुन्छ। नातादार तथा जानपहिचानभन्दा अगाडि ध्यान पुऱ्याएर ज्यादा दूरका आगामी पुस्ताहरूउपर उसले आफ्ना हितैषी इच्छाहरू फैलाउँछ। उसले कानुन तथा स्वतन्त्रलाई मानिसका सुखको भूलको रूपमा निरीक्षण गर्दछ। ठूलो शीघ्रतासाथ तिनीहरूको संरक्षण तथा पालनमा आफूलाई समर्पण गर्दछ। परिश्रम आपद् तथा कालसमेतको पनि मोहनी हुन्छ जब जनताका भलाइको निमित्त हामीहरू तिनको सामना गर्दछौँ र देशको निमित्त उदारभावले बलिदान दिएको आत्मालाई उच्च गराउँछौँ। सुखी त्यही मानिस हो जसलाई अनुग्रहशील भाग्यले प्रकृतिको ऋण सदाचारलाई तिर्न समर्थ गराउँछ र निष्ठुर आवश्यकताको जोडले आफूबाट अरू किसिमसँग हरिने कुराको उदार दान दिन समर्थ गराउँछ।

मानवप्रकृतिलाई प्रधान गराएर या मर्त्य मानिसलाई उँचा गराएर देवत्वको सादृश्य देखाउने सबै गुणहरू सच्चा सिद्ध र देशभक्तमा मिलेका हुन्छन्। अत्यन्त कोमल हितैषिता, अधिक निडर इरादा, अत्यन्त मृदुल भावहरू, सदाचारको ज्यादै नै उत्तम परमप्रेम– यी सबले उसको गद्गद वक्षस्थललाई एकएक गरेर उत्तेजित गराउँछन्। जब ऊ भित्रतिर हेर्दछ, तब उसले हदसे हद अस्थिर रागहरू उचित लय र मिलापमा बदलिएको देख्दछ। त्यस्तै यो मोहन सङ्गीतबाट हरेक बेसुरा आवाज हटेको देख्दछ। तब कत्रो सन्तोष! यदि अचेतन सौन्दर्यको ध्यान पनि यस्तो आह्लादक छ भने, यदि यसले इन्द्रियलाई हर्षोन्मत्त गराउँछ भने (सुन्दर स्वरूप हामीबाट परदेशीय छ तापनि) नैतिक

सौन्दर्यको प्रभाव कस्तो होला? यसको असर कस्तो होला जब यसले हाम्रो मनलाई सुशोभित गराउँछ र हाम्रो आफ्नै ध्यान तथा परिश्रमको फल हुन्छ?

तर पुण्यको पुरस्कार कहाँ छ? हामीहरू यसको निमित्त जीवन र सम्पत्ति न्यौछार गर्दछौँ। यस्ता महान् बलिदानको निमित्त प्रकृतिले कुन बदला दिएकी छन्? हे पृथिवीका पुत्र हो! के तिमी यी स्वर्गीय गृहिणीको मोल चिन्दैनौ? के तिमीहरू नीच भावले उनको दाइजो खोज्दछौ, जब तिमीहरू उनका सच्चा सौन्दर्यहरू देख्दछौ?

तर जान, प्रकृतिले मानिसका कमजोरीउपर अनुग्रह राखेकी छन्। उनले यी प्यारी बधूलाई नङ्गा र हीन राखेकी छैनन्। उनले पुण्यलाई सबभन्दा ज्यादा मूल्यवान् दाइजो दिएकी छन्। यस्तो दिव्य सौन्दर्यको सहज योग्यताको चैतन्य नभएका प्रार्थयिताहरूलाई स्वार्थका प्रलोभनले मुग्ध गराउलान् भन्ने डरले होसियार भएर प्रकृतिले यस कुराको पनि विधान गरेकी छन् कि पुण्यको प्रेमले प्रफुल्लित भइसकेकाको नजरमा सिवाय अरूलाई यस दाइजोको आकर्षण रहने छैन।

पुण्यको स्त्रीधन कीर्ति हो– सच्चरित परिश्रमको इनाम, निःस्वार्थी देशभक्तको विचारशील शिरलाई अथवा विजयी लडाकाको धूलो लागेको निधारलाई ढाक्ने विजयको श्रीपेच, यस्तो परम पुरस्कारले उच्च बनेको सदाचारी पुरुष विषयसुखको प्रलोभन तथा आपद्का धम्कीहरूउपर घृणाको दृष्टिले हेर्दछ। जब उसले विचार गर्दछ कि मृत्युको शासन उसको एक हिस्सामा मात्र हुन्छ, तब कालसमेत भयङ्करताहीन हुन्छ; जब उसले विचार गर्दछ कि काल र समयका तत्त्वहरूको प्रकोपको तथा मानिसहरूका कार्यहरूको अनन्त अपनिपातहरूको विरुद्ध मानिसका सन्तानबीचमा उसलाई अमर कीर्तिको निश्चय हुन्छ।

विश्वको अधिष्ठाता कुनै पुरुष हुनुपर्दछ। जसले अनन्त बुद्धि र शक्तिले परस्पर विरोधी तत्त्वहरूलाई उचित क्रम र हिसाबमा ल्याएका छन्। तर्कशास्त्रीहरू विवाद गरून्; हितैषी पुरुषले कतिसम्म आफ्नो हेरचाह फैलाउँछन् र हाम्रो जीवनलाई च्याहानभन्दा अगाडि

लम्ब्याउँछन् या लम्ब्याउँदैनन्, यस निमित्त कि पुण्यको पुरस्कार मिलोस् र पुण्यलाई पूरा विजय मिलोस्। नीतिवादी पुरुषले यस्तो दोधार विषयमा केही फैसला गर्दैन। सब चीजका परमदाताले उसलाई तोकिदिएको भागले ऊ सन्तुष्ट छ। उसको निमित्त तयार गरिएको अगाडिको पुरस्कार ऊ कृतज्ञतापूर्वक स्वीकार गर्दछ; तर यदि हतास भयो भने उसले पुण्यलाई रित्तो सम्झनेछैन। तर त्यसलाई उचित तवरले आफ्नो इनाम ठानेर आफ्ना सृष्टिकर्ताको दातृत्व कृतज्ञतासाथ स्वीकार गर्दछ; ती सृष्टिकर्ताको जसले उसलाई जीवन दिएर यस्ता अमोल उपभोग प्राप्त गर्ने मौका दिएका छन्।

**डायभिड ह्युम**

# श्रीमती कूपर पार्क स्ट्रिट ग्रम्भेनर्स स्क्वायर

प्यारी बहिनी

श्रीमान् न्युटनले यस महफिलमा म हुनालाई इच्छा गर्नुभएकोले म उहाँलाई भेट्न आएको छु। मैले तिमीलाई आखिरी बार देखेको बेलाभन्दा अहिले मलाई कमसे कम सोह्र वर्ष बूढो देख्दछ्यौ? तर समयको असर मेरो शिरभित्र भन्दा बाहिरपट्टि नै परेको मालुम हुन्छ। जो कैलो थियो अब सफेद भयो, तर जो मूर्ख थियो अझ मूर्ख रहेकै छ। घामको हरेक किरण छेक्ने ठन्डी, बतास र अँध्यारो बादलसिवाय अरू केही नदिने किसिमको मौसम भयो भने कच्चा फलले पाक्नुभन्दा अघि सड्नुपर्दछ। मेरा दिनहरू चुपचापसँग चाल मारेर चल्दछन्। यत्तिको मौन चल्दैनन् कि म तिनीहरूलाई नसुनूँ। तैपनि यिनीहरूको उडानमा ध्यान दिएर हमेसा सुनिरहने नभए म अझ पट्ठै छु भन्ने कल्पनाले म आफैँलाई छकाउने थिएँ; कारण जवानीले रहेका कमजोरीसिवाय अरू अझ थपिएका छैनन्।

म लेख्ने कामलाई लहडबाजीको रूपमा पसन्द गर्दछु। कुनै चीजको निमित्त उपयोगी सामग्रीहरू साथमा बहुत कम हुनाले म अक्सर आफ्नै विषयमा लेख्ने बेमोजको आवश्यकतामा पुग्दछु। यसले यस मामिलालाई धेरै सपार्दैन; किनभने यद्यपि आफ्नै अवस्थाको वर्णनमा मेरो कलम काममा लगाउने प्रशस्त सामग्रीहरू म पाउँछु तैपनि मलाई यो काम जत्तिकै रोचक छैन उस्तै मलाई प्रशस्त ज्ञान छ कि यो अरूलाई दिक्क गर्ने हुन सम्भव छ। आफ्नो कलाको अभ्यासमा आफ्नै तस्बिर खिच्नामा मात्र आफूलाई परिबद्ध गर्ने चित्रकार एउटा विचित्र अहङ्कारी हुनुपर्दछ। तर उसलाई आफ्नै कामले चाँडै नै

नफरत उठाउँछ। अरूलाई पनि आफूलाई जत्तिकै दिक्क गराएन भने ऊ अनौठो तवरको भाग्यमानी हो।

हालको दङ्गा र गडबडबाट तिम्रो घर टाढा भए पनि म आशा गर्दछु कि समाचार त तिमीले अवश्य नसुनेकी छैनौ। तर बढ्ता सुनेकी होओइनौ। फेरि पागल भीडका गर्जनहरू तिमीकहाँ पुगेनन् होलान्। निर्दोषीलाई त्यो भयङ्कर दिन थियो। आज अपराधीलाई अझ झन् ठूलो त्रासको दिन छ। केहीबेरसम्म ऐन ठोक्राको बाणजस्तो थियो; केही काम नलाग्ने जस्तो देखियो र कुनै क्रिया देखाएन। अब यो ताँदो चढाएको बाणजस्तो छ र यसलाई हालमा हेलाँ गर्ने धेरै मानिसहरू यसको टुप्पोअगाडि थरथर काँपिरहेछन्।

अघिका तीन मिलनमा भन्दा मैले अहिले बढ्ता कुरा गरिसकेँ; मलाई चिन्नेले कहिल्यै नबिर्सने मेरो मितभाषित तिमी सम्झन्छ्यौ। मैले जानेसम्म मेरो स्वभावको सबभन्दा चहकिलो भाग हुन सक्ने सो गुणबाट बिदाई नलिनालाई म यहाँ मेरो मुख बन्द गर्दछु र अड्नेतिर फर्कन्छु।

**विलियम कूपर**

# कविता

संसारमा कविता जङ्गली र सभ्य जातिलाई उत्तिकै परिचित छ। ल्यापलैन्डको बासिन्दा तथा जङ्गली अमेरिकाका आदिवासी यसले आह्लादित हुन्छन् जस्तो लन्डन र पेरिसका बासिन्दाहरू। जस्तो बिरूवाले मट्टी तथा आवहवाको परिधान लिन्छ, तर सब काकतालीय परिस्थितिबाट स्वतन्त्र रहेको एउटा मूल तत्त्वको क्रिया देखाउँदछ त्यस्तै कविताका सत्त्वले वरिपरिका पदार्थहरू ग्रहण गर्दछ र तिनीहरूलाई मिलाउँछ।

लेखकका रचनालाई न्यायसँग विवेचना गर्नुपऱ्यो भने आन्तरिक तथा सारात्मकलाई बाहिरी तथा आगन्तुकबाट हामीहरूले छुट्ट्याउनुपर्दछ। कविताको सारात्मक कुरा यो हो कि कविता सरल हुनुपर्दछ र हाम्रो प्रकृति मूल तत्त्व आदि नियमलाई छुनुपर्दछ, इन्द्रियस्पर्शी हुनुपर्दछ र एक झल्कामा सत्य निकाल्नुपर्दछ, उत्तेजित हुनुपर्दछ र हाम्रा भावहरू सञ्चालन गर्न र अनुभाव जागृत गर्न सक्नुपर्दछ।

भिन्न कविहरूको परस्पर तुलना गर्दा कुनचाहिँले हाम्रो कल्पना र बुद्धिलाई सबभन्दा पूरा मात्रामा खेलाएको छ। अथवा सबभन्दा ज्यादा उद्दीपन उत्पन्न गरेको छ र अत्युत्तम लय पैदा गरेको छ। यदि हामीहरू भाषाको लावण्य र छन्दको माधुर्य मात्र विचार गरौँ भने पोपलाई आह्लादकारी लेखकको स्थान दिनलाई बेमन्जुर गर्नु असम्भव छ। तर उनी कवि हुन् या होइनन् भन्ने कुरा त्यस शब्दको हाम्रो वर्णनमा निर्भर छ। निस्सन्देह मनोरञ्जन गर्ने जे पनि कविता भए पोपका आक्षेपिक पद्य र पत्रहरू कविता हुन्।

मैले यो भन्नैपर्दछ कि अरू किसिमका रचनाहरूबाट छुट्टा गरेमा कविता छन्दको आधारमा रहँदैन र हाम्रा भाव या कल्पनालाई स्पर्श नगरेदेखिन् कविता हुन सक्दैन। सम्पूर्ण सच्चा कविहरूको एउटा स्वभाव हुन्छ। तिनीहरू एउटा आन्तरिक तत्त्वद्वारा लेख्दछन् जसको उत्पत्ति बाहिरका कुनै चीजबाट हुँदैन। आकृति, बनोट र अदलबदलमा कविताको दर्जामा दाबा राख्ने अरू सबै रचनाहरू सच्चा कविका रचनाबाट उत्तिकै फरक छन् जस्तो प्राकृतिक फूल कृत्रिम फूलबाट भिन्न हुन्छ, अथवा केटाकेटीको नक्कली बगैँचा चिल्लो हरियालीबाट पहिलामा फूलहरू डाँठबाट चुँडिएर जमिनमा टाँसिएका हुन्छन्। नजरलाई सुन्दर र नाकलाई सुगन्धी हुन्छन् तर तिनीहरूका रङहरू ओइलिन्छन् र तिनको बास्ना रोप्ने बालकको मुस्कानझैँ क्षणिक हुन्छ। तर हरियालीमा फेरिफेरि पुनर्जागृत आनन्दले प्रवेश गर्न सकिन्छ। यसको सौन्दर्य आत्माभित्र अन्तर्गत छ र यसको प्रफुल्लता प्रकृतिको ताजापनको हुन्छ।

**स्यामुएल टेलर कलेरिज**

(१७७२-१८३४)

# पोलेको पाठाको उपर प्रबन्ध

मेरा दोस्तामा-ले मलाई कृपासाथ सुनाएर बुझ्भाएको एउटा चिनियाँ हस्तलिखित पुस्तकमा लेखिएको छ– पहिला सत्तरी हजार वर्षसम्म मानिसजातिले जिउँदो जनावरबाट लुछेर अथवा नङ्ग्र्याएर मासु काँचै खाने गर्दथे। यस्तो आजकाल हब्सी देशमा अझ्झ गर्दै छन्। कन्फ्युसियस महाशयले सांसारिक परिवर्तननामक ग्रन्थको दोस्रो अध्यायमा यो सामयिक विभागको स्पष्ट सूचना दिएका छन्। 'चोफाङ'को सामान्य अर्थ 'खान्सामाको छुट्टी' हो। त्यो हस्तलिपिमा लेखिएको छ कि मासु सेक्ने कला अझ्झ अथवा पोल्ने कला (जसलाई म जेठो सम्झ्झन्छु) तल लेखिएको काइदाले संयोगवश पत्ता लाग्यो।

होटी नामको भेडागोठालो सधैंको चालमुताबिक एक बिहान घाँस बटुल्न गयो। आफ्नो झ्झुपडी जेठो छोरो बोबो भन्ने एउटा बिकम्मा ढेडु लडकाको हेरविचारमा छाडेर गएको थियो। साधारणतः आफ्ना उमेरका ठिटाहरूजस्तै आगो खेल्न निको मान्ने हुनाले बोबोले केही झ्झिल्काहरू परालको मुठोमाथि पारेछ। परालको मुठो चाँडै नै सल्किहाल्यो र त्यो उग्र ज्वलनलाई बाबुछोराको गरिबी महलको हरेक भागमा फैलाइदियो र खरानीको थुप्रो बनाइदियो। त्यस झ्झुपडीलाई प्रलयकालअगाडिको गरिबी आलटाले घर सम्झ्झ। त्यसका साथसाथै ज्या! अर्को झ्झन् ठूलो चीज नासिएछ– सङ्ख्यामा नौभन्दा एक पनि कम नभएका हालै जन्मेका रहरलाग्दा पाठाहरूको जहान!

हामीले पढेका दूरतम युगदेखिन् चिनियाँ पाठाहरू पूर्वीय देशभरमा विलासका व्यञ्जन ठहरिएका छन्। अब बोबोलाई पऱ्यो ठूलो फसाद! विचार गर त्यस घरको निमित्त उसलाई के ठूलो चिन्ता थियो? ऊ र उसको बाबु मिलेर एक-दुई घण्टाको मिहिनेतले

जुनसुकै बखतमा पनि बनाउन सक्दथे। तर ती पाठाहरूको नोक्सान! बाबुलाई के भन्ने हो भनी विचार गर्दै अकाल दुःख पाएका पाठामध्येमा एउटाको बफाउँदो अवशेषमाथि बोबोले कान निमोठ्न लाग्यो तब उसले अघि अनुभव गरेको सब सुवासबाट बिलकुल फरक किसिमको एक सुगन्धले उसको नाकको फोरामा आक्रमण गर्न लाग्यो। यो सुगन्ध केबाट निस्केको हुन सक्ला?

जलेको झुपडीबाट अवश्य होइन- त्यसको गन्ध त उसले अघिअघि पनि थाहा पाएको थियो; दुर्भाग्यवश यो आगो सल्काउने ठिटाको बेपर्बाहीले आइपरेको अचानक घटनामध्ये यो घटना अवश्य पहिलो थिएन। न त यो सुगन्ध कुनै चिन्हेको झारपात, बुटी अथवा फूलको सुगन्धजस्तो थियो। यही बीचमा एक किसिमको भविष्यसूचक रसले उसको तल्लो ओठ भिज्न थाल्यो। उसले बुझ्न सकेन के विचार गर्ने हो। तब पाठामा प्राणको अलिकति सङ्केत छ कि भन्ने विचारले पाठालाई छाम्न त्यो निहुऱ्यो। उसको औँलो पोल्यो र ठन्डा गराउन उसले आफ्नो धोक्रे तवरले औंलो मुखमा हाल्यो। पाठाका झुरिएका छालाका टुक्राहरू उसका औँलामा आएका थिए। आफ्नो जीवनमा पहिलो बाजि– अझ दुनियाँको जीवनमा पहिलोबाजि किनकि ऊअघि कुनै मानिसले यसको स्वाद लिएको थिएन– त्यसले झुर्माको स्वाद लियो। त्यसले फेरि हात पसाऱ्यो र पाठाको वरिपरि छामछाम, छुमछुम गर्न लाग्यो। अब त उसलाई यस्तो औँला पोलेन; तर आदतको तवरले उसले फेरि औँलो चाट्न थाल्यो।

आखिरमा वास्तविक कुरा उसको धीमा ज्ञातकोषमा घुस्यो कि त्यस्तो सुवास चलेको त्यही पाठाको हो र त्यही पाठाले त्यस्तो मीठो स्वाद दिएको हो। यो नवीन उत्पत्तिको आनन्दमा आफूलाई भुलाएर उसले पोलिएको छाला र त्यसमुनिका समीपवर्ती मांसखण्डहरूसमेत मुठीमुठीभर च्यात्ने काममा चटाक गर्न लाग्यो। त्यसलाई जनावरी तवरले घाँटीतल बुजाका बुजा घुचेट्तै थियो। त्यसै बेला उसको बाबु ताडनदण्ड लिएर धुवाउँदा दलिनपाखाका बीचमा आइपुग्यो। त्यो अवस्था देखेर त्यो बदमास ठिटाका काँधमा दण्डप्रहारका वर्षाको सुरू गर्न लाग्यो। असिनाका वर्षाभैँ बाक्ला थिए, तर

बोबोले झिँगाको भन्दा बढ्ता पर्वाह गरेन। शरीरको तल्लो भागमा अनुभव गर्न लागेको कुतकुत्याउँदो आनन्दले गर्दा उसलाई काँधमा दूरवर्ती प्रदेशको पीडा अनुभव गर्न असमर्थ बनायो। उसको बाबुले पिट्तै जाओस् तर पाठोलाई झन्डै नसिद्ध्याईकन उसमा प्रहारले पाठोलाई छुटाउन सक्दैनथ्यो। तब ऊ आफ्नो अवस्थामा केही सचेत भएर निम्नलिखित जस्तो संवाद सुरू भयो।

'हिसिमरू छाउरा। के घिच्न लागेको थिइस्? तेरा कुकुरका चालले मेरा तीन घर जलाएर मरिस्, तैपनि पुगेन? अझ आगो समेत खान्छस्? र केके हो म जान्दिनँ! त्यहाँ के छ भनेको?'

'ए बा! पाठो! पाठो!! आएर खानोस्! जलेको पाठोको कति मीठो स्वाद छ।'

होटीका कानमा भयङ्कर शूल भयो। उसले छोरालाई सराप्न थाल्यो, आफैंलाई सराप्न थाल्यो यसनिमित्त कि जलेको पाठो खाने छोरालाई उसले पैदा गरेको थियो।

बोबोको घ्राणशक्ति बिहानदेखि खूब चनाखो भएको थियो। उसले अर्को पाठो तुरून्त खोसलेर झिक्यो। त्यसलाई झन्डैजसो च्यातेर पूरा बलले सानोचाहिँ आधा भाग होटीको मुखमा फँकिदियो। ऊ अझ चिच्याउँदै थियो– 'खानोस्! खानोस्!! खानोस्!!! त्यो पोलिएको पाठो! बा! स्वाद मात्रै ता लिनुहोस् त! हे ईश्वर!' यस्तै किसिमका जङ्गली शब्द गर्दथ्यो। त्यसको साथसाथै निसासिएला भने झैँ गरेर बुजामाथि बुजा हाल्थ्यो।

त्यो घिनलाग्दो चीजलाई हातमा समातेर होटी जोर्नीजोर्नीमा काँप्न लाग्यो। उसको मनमा दोधार थियो, अस्वाभाविक राक्षस सम्झेर उसले छोरालई मार्नामा ठीक पर्ला या नपर्ला। त्यसै बेला त्यो झुर्माले उसको औँला पोल्यो, जस्तो अगाडि उसको छोराको औँला पोलेको थियो। उसले पोलेका औँलाको निमित्त उही उपाय लगायो। फेरि उसले पनि यसको केही स्वाद चाख्यो। बहानाको निमित्त जत्तिकै नमीठो मुख लगाए तापनि त्यो स्वाद उसलाई बिलकुल बेमोजको लागेन। (यहाँ त्यो हस्तलेख अलि लम्बे छ) आखिरमा

बाबु र छोरा दुवै मज्जासँग त्यो खाना खान बसे र त्यस खोरभित्र रहेका सबै पाठालाई खत्तम नगरीकन उठेनन्।

यो गुह्य कुरो कतै नजाओस् भनेर बोबोलाई कडा तवरको आदेश मिलेको थियो। कारण ईश्वरले पठाएको असल मासुउपर सुधार गर्न खोज्ने घिनलाग्दा दुई दुष्ट भन्ने सम्झेर निश्चय छिमेकीहरूले तिनीहरूलाई ढुङ्गा हान्ने थिए। तैपनि अनौठा कथाहरू फैलिन थाले। होटीको झुपडी ज्यादा बारम्बार सल्केको देखिन लाग्यो। यस समयदेखि आगलागीसिवाय केही थिएन। केही आगलागी खुला दिनको उज्यालामा हुन्थे; केही रातमा। जतिबाजि पाठा जन्मे उतिबाजि निश्चय होटीको घर दनदनाउँदो ज्वालामा हुन्थ्यो। फेरि छोरालाई हप्काउनाको बदलामा होटी आफैँ अघिको भन्दा झन् माया गर्न लाग्यो। यो आश्चर्यजनक कुरा थियो।

आखिरमा तिनका पछि चेवा लागे। त्यो भयङ्कर रहस्य पत्ता लाग्यो, बाबु र छोरा दुवै मुद्दाको फैसलालाई पेकिनमा बोलाइए। त्यस बेलामा पेकिन एउटा सानो अदालती सहर थियो। साक्षी बकाइए, त्यो घिनलाग्दो खाना नै अदालतमा पेस गरियो। दण्डको उच्चारण हुनै लागेको थियो। त्यस बेला पञ्चायतको अध्यक्षले बात लागेका मानिसहरूउपर अभियोग लगाउने, जलेका पाठाको केही भाग दिइयोस्– भन्ने प्रार्थना गरे।

उनले त्यसमा हात लगाए; सबै पञ्चायतले हात लगाए– जस्तो बोबो र उसका बाबुले गरेका थिए। स्वभावले हरेकलाई उही उपायमा प्रवृत्त गऱ्यो। अदालतमा सहरिया, परदेशी, रिपोर्टर र सबै हाजिर भएकालाई आश्चर्य गराएर सब गबाहीको सीधा बरखिलापमा न्यायाधीशले लगाएको हदसे हद स्पष्ट अभियोगको विरुद्ध आसन नछाडीकन, कुनै किसिमको छलफल नगरीकन पञ्चायतले एक स्वरले साथसाथै 'निर्दोष'को फैसला उच्चारण गरे।

न्यायाधीश एक चलाक मानिस थिए। त्यस फैसलाको स्पष्ट अन्यायउपर उनले आँखा चिम्लिदिए। जब अदालत उठ्यो तब गुप्त तवरले गएर प्रेमले या पैसाले मिल्न सक्ने जति पाठाहरू किने। केही दिनमा न्यायाधीशको सहरको घरमा आगलागी भएको देखियो। यो कुरा उडेर फैलियो, हरेक दिशामा आगलागीसिवाय केही देखिँदैनथ्यो। दाउरा र पाठाहरू जिल्लाभर अत्यन्त महँगा भए। बिमाका अफिसहरू सब बन्द भए। मानिसले प्रतिदिन झन्झन् साना घर बनाउन लागे। यस्तो डर भयो कि थोरै नै समयमा शिल्पकलाको विज्ञान दुनियाँबाट बिदा हुन लाग्यो।

यसरी घरमा आगो लगाउने चाल चल्दै रह्यो। आखिर समयान्तरमा त्यस हस्तलेखले भन्दछ– हाम्रा 'लक्' जस्ता एक सिद्ध निस्के। उनले यस कुराको आविष्कार गरे कि मसाला भर्नालाई सिङ्गै घर सल्काउनाको जरूरत थिएन र पाठाको या अरू जुन किसिमको जनावरको मासु पनि पकाउन सकिन्थ्यो (उनीहरू पोल्ने भन्दथे) तब सेक्ने भाँडाको असंशोधित रूपको सुरू भयो। डोरी या डन्डाले सेकाउने चलन एक-दुई शताब्दीपछि आयो। मैले बिर्सें कुन राजाको पालामा हो। त्यस हस्तलेखले समाप्तिमा भन्दछ– यस्तै ढिला तवरले सबभन्दा उपयोगी तथा देख्नलाई सजिला कलाकौशलहरू मनुष्यजातिका बीचमा घुम्दछन्।

**चार्लस ल्याम्ब**

(१७७५-१८३४)

# विद्वान्‌को अज्ञान

'मानिसले जति ज्यादा भाषा बोल्न सक्तछ उसको बुद्धिमा उति ठूलो प्वाल परेको हुन्छ। यसमा जति मिहिनेत उसले खर्च गरेको छ उति अरू कुनै किसिमसँग उसले तिर्नुपर्छ। हिब्रू, कल्डी सिरियाक भाषाहरूले तिनका अक्षरहरूजस्तै मानिसको बुद्धि उल्टो फर्काइदिन्छन्। बायाँबाट लेखिएका अक्षरहरूझैँ बुझ्न खोज्ने मानिसको बुद्धिलाई चक्कर ख्वाइदिन्छन्। तैपनि अनेक भाषाहरू बोले तापनि केही समझ प्रकाश गर्न नसक्ने मानिस बडो विद्वान् कहलाउँछ। त्यो त्यत्तिको विद्वान् कहलाउन्न जसले आफ्नै भाषामा खुद जोडदार विवेक प्रकाश गर्न सक्दछ।'

**बटलर**

सबभन्दा अल्प विचार हुने किसिमका मानिसहरू खालि लेखनदास र पढैयाहरू हुन्। अरू केही कुरा गर्न नसक्नु भन्दा त लेख्न पनि पढ्न पनि नसक्नु नै झन् बेस छ। अक्सर हातमा किताब लिएर डुल्नेको आफ्ना मनमा अथवा आफूवरिपरि के भइरहेछ सो कुरामा ध्यान दिने न शक्ति, न त झुकाव देखिन्छ। यस्तो मानिसले आफ्नो बुद्धि जेबमा यताउति बोकेर जान्छ भने पनि हुन्छ; अथवा घरको पुस्तकागारको तखतामा छाड्दछ भने हुन्छ। यस्तो मानिस कुनै तर्कको प्रवाहमा अगाडि बढ्न डराउँछ; कुनै स्पष्ट अक्षरउपर नजर लगाएर मनमा यन्त्रवृत्तिले सूचना पाएको सिवाय अरू आलोचना गर्न डराउँछ, विचारको परिश्रमबाट खुम्चिन्छ; किनकि अभ्यास नहुनाले उसलाई विचार नै दुर्वह हुन जान्छ। चिच्च्याहटलाग्दा लवजहरूको र आधा बनेका चित्रहरूको आवतजावतले उसको मनको शून्यतालाई भर्दछन् र हमेसा एउटाले अर्कोलाई मेट्दै जान्छन्।

धेरै मानिसका विषयमा विद्वत्ता खालि सहज बुद्धिको साटो मात्र देखिन्छ, सच्चा ज्ञानको बदला देखिन्छ। किताबहरू प्रकृतिलाई हेर्ने चस्मा बनाइन्नन्; तर कमजोर नजर सुस्ती स्वभावबाट प्रकृतिको चर्को उज्यालो र चलचित्र छेक्ने पर्दा बनाइन्छन्। किताबको कीराले शब्दात्मक सामान्यताको जालले आफूलाई बेर्दछ। अरूको मनबाट प्रतिबिम्बित भएका चीजका मिरमिरे छायाहरू मात्र देख्दछ। प्रकृतिले उसको चेहरा बिगार्दछिन्। शब्दको भेष र घुमाउरा ठेलीदार वर्णनहरूबाट नङ्गा गरिएका सच्चा वस्तुका चित्रहरू उसलाई धरमऱ्याउने ठोकर हुन्छन्; तिनको विभिन्नताले उसलाई अकमक्क गराउँछ; तिनीहरूको शीघ्रताले उसलाई ग्लानि पैदा गर्दछ। दुनियाँका विचित्र परिवर्तनहरू पछि लाग्ने उसको नजर हुँदैन; तिनीहरूलाई कुनै संस्थित नियममा परिणत गराउने उसको समझ हुँदैन। यस कारण दुनियाँको चल्तीफिर्ती, हल्ला चमक र चकराउँदो चालबाट ऊ अर्कोतरफ फर्कन्छ, मृत-भाषाको शान्त चिच्च्याहटतिर लाग्दछ; वर्णमालाका अक्षरहरूको अलि बुझ्न सकिने र कम आश्चर्यकारी संयोगतर्फ लाग्दछ। ठीक छ, बहुत ठीक छ, सुतेका र मरेकाको भनाइ हो। 'मलाई आफ्नो आराम लिन देऊ।'

पक्षवातले पीडित रोगीले लट्ठी फँकेर मेचबाट उफ्रिएला भन्ने तिमी आशा गर्न बरु सक्दछौ विद्वान् पढैयाले किताब फँकेर आफ्नै निमित्त विचार गर्ला भन्ने आशा गर्न सक्तैनौ। बुद्धिको टेकाजस्तो त्यसले किताबको अँगालो हाल्दछ। आफू एक्लै परुँला भन्ने डर उसलाई शून्यताको त्रासजस्तो हुन्छ। ऊ विद्वत्ताको वायुमण्डलमा मात्र श्वास फेर्न सक्तछ जस्तो अरू मानिस साधारण हावामा सास फेर्छन्। बुद्धि सापटी उधारो लिने त्यही हो। उसका आफ्नै विचारहरू हुन्नन् त्यस कारण उसले अरू मानिसका विचारले गुजरान गर्नुपर्दछ। जस्तो औषधि खाने आदतले पेटको अवस्था बिगारिदिन्छ, त्यस्तै बाहिरी भूलबाट विचारहरू पुऱ्याउने बानीले विचारको सब भित्री बललाई कमजोर गराइदिन्छ। अभ्यस्त नभए अथवा चलन र प्रमाणले मात्र सङ्कुचित भए मनका शक्तिहरू सुस्त हुन्छन्, निदाउँछन् र विचार या कामको निमित्त बेकम्मा हुन जान्छन्। पढैया आलस्य र अज्ञानको जीवनले यसरी पैदा गरेको सुस्ती र आलस्य देखेर हामीले के आश्चर्य मान्नु? नबुझिने भाषाका अक्षरहरू जस्तो विचार या रुचिलाई उत्तेजित गर्न

नसक्ने पङ्क्तिहरू र शब्दांशहरू पढ्दापढ्दा आँखा शून्यतामा बन्द हुन्छन् र कमजोर हातबाट किताब खस्दछ।

यसरी सपना देख्नु र बिउँझनुको बीचमा जीवनलाई क्षीण गराउनु भन्दा त म सूर्यको नजरअगाडि पसिना काढ्ने र रातमा स्वर्गमा सुत्ने क्षुद्र किसान अथवा दाउरे हुन बरू रोज्ने थिएँ। पढैया लेखक र पढैया विद्यार्थीमा यत्ति फरक छ कि एउटाले त्यही सार्दछ अर्कोले त्यही पढ्दछ। विद्वान्‌हरू केवल साहित्यिक वयल (drudges) हरू हुन्। उनीहरूलाई मौलिक रचनामा लगायौँ भने उनका शिर चक्कराउँछन्; उनीहरू कहाँ पुगे उनलाई याद हुँदैन। किताबका नथाक्ने पढैयाहरू तस्बिर सधैँ सारिरहने जस्ता हुन्छन्। जब तिनीहरू आफ्नै स्वतन्त्र उद्योग गर्न खोज्दछन् तब प्रकृतिका सजीव चित्रहरूलाई खिच्न तिनीहरू आफूमा प्रशस्त छरिता आँखा, नकाँप्ने हात र तेजिला रङहरूको अभाव याद पाउँदछन्।

जो पुरातन शिक्षाका क्रमिक श्रेणीहरूबाट चलेको छ र त्यसबाट मूर्ख बनेको छैन त्यसैले आफूलाई बल्लतल्ल बचावट पाएझैँ सम्झनुपर्दछ। यो पुरानो भनाइ हो कि स्कुलमा नाम भएका लडकाहरू बढेर दुनियाँमा पछि सबभन्दा ठूला मूर्ति बन्दैनन्। वास्तवमा जो कुरा लडकाहरूलाई पाठशालामा सिक्न लगाइन्छ र जसमा उसको सफलता निर्भर रहन्छ ती कुरालाई मनका उच्चतम अथवा अधिकोपयोगी शक्तिहरूको अभ्यास चाहिँदैन। व्याकरण, भाषा, भूगोल, गणित आदिमा घोकेर पाठ दोहोऱ्याउँदा र कण्ठ गर्दा सबभन्दा तल्लो दर्जाको स्मरणशक्ति मात्र काममा ल्याइन्छ। यस कारण जसको यस किसिमको ज्यादा स्मृति छ त्यस्तै बालकको ध्यानमा बलियो र स्वाभाविक अधिकार राख्ने चीजहरूको तर्फ जसको सबभन्दा कम झुकाव छ त्यही लडका स्कुलको सबभन्दा अघिल्लो विद्यार्थी बन्न जान्छ। शब्दविभागका वर्णन, बहीखाता चढाउने काइदाहरू, युनानी क्रियापदका विभक्तिहरू यी सबको निरर्थक गडबडमा दस वर्षको सिकारूलाई कुनै किसिमको आकर्षण हुँदैन। खालि अरूले बोझा लगाएको पाठको रूपमा अथवा अरू कुरामा प्रशस्त आनन्द या रुचिको अभावले मात्र केही आकर्षण गर्न

सक्दछ। रूग्ण शरीर भएको, चनाखो मन भएको, आफूलाई देखाइदिएको कुरा मात्र ठिक्क धारणा गर्न सक्ने, पारख गर्ने बुद्धि नभएको र आफ्नो आनन्द लिने फुर्ती नभएको लडको आफ्नो श्रेणीमा पहिला हुन्छ।

तर स्कुलको अल्सी लडको उत्तम स्वास्थ्य र फुर्ती भएको हुन्छ। हात पयरको स्वतन्त्र चाल भएको हुन्छ, खूब होसी हुन्छ, मुटुको स्पन्दन र रक्तको सञ्चालन थाहा पाउने हुन्छ, एकै सासमा रून या हाँस्न तयार हुन्छ। उसलाई बरू भकुन्डो पछि लाग्नु या पुतलीलाई लखेट्नु, मुखमा खुला हावाको स्पर्श पाउनु, खेत र आकाशमा हेर्नु, घुमाउरो बाटोमा लाग्नु, जानपहिचान र दोस्तहरूको झगडा र पक्षमा उत्साहसाथ प्रवेश गर्नु उसलाई बरू बेस लाग्दछ; नकि बासी हिज्जेका पुस्तकउपर उँघ्नु, शिक्षकले भनेमुताबिक जङ्गली श्लोक घोक्नु, लेख्ने टेबुलमा घण्टौँसम्म बाँधिएर बस्नु र समयको तथा आनन्दको हानिको निमित्त क्षुद्र पदकहरू पाउनु। साधारण पाठहरू तयार गर्नलाई र यी पाठशालाको क्षुद्र प्रतिष्ठा पाउनालाई बाधा गर्ने एक किसिमको बोधोपन पनि हुन्छ।

तर अक्सर गरेर जसलाई मानिसहरू बोधोपन सम्झन्छन् यो खालि रुचिको अभाव मात्र हुन्छ। अत्युत्तम बुद्धि यस्तो जोताइभन्दा त्यत्तिकै उच्च हुन्छ जत्तिको अत्यन्त बोधोपन यसभन्दा तल हुन्छ। उत्तम प्रतिभा भएका मानिसहरू पाठशाला र विश्वविद्यालयमा ज्यादा प्रतिष्ठित भएका छैनन्।

'फुर्तिलो कल्पना सधैँको भगुवा थियो।' यस्ता मानिसहरू पाठशालाको कठिन अदबको फाइदालाई त्यस्तो ठूलो मान्दैनन्, न त तिनीहरू त्यस्तो बन्धनमा आफ्नो कल्पनालाई बाँधा बन्न दिन्छन्। एक किसिमको यस्तो बुद्धि छ जसमा लबजहरू मात्र जरा हाल्दछन्, तर जहाँ वास्तविक चीजहरू घुस्न सक्दैनन्।

विद्या भनेको त्यस कुराको ज्ञान हो जो अक्सर अरूहरूलाई थाहा हुन्न, जो हामीहरू किताब या अरू नक्कली मूलबाट अरूको हातद्वारा पाउँदछौँ। हाम्रा सामुन्ने या वरिपरि भएका हाम्रा अनुभव, अनुराग, वृत्तिहरू तथा मानिसका काम र हृदयलाई स्पर्श गर्ने

चीजहरूको ज्ञान विद्या होइन। विद्या भनेको त्यस कुराको ज्ञान हो जो विद्वान्‌सिवाय अरू कसैले थाहा पाउँदैन। साधारण जीवन र वास्तविक आलोचनाबाट सबभन्दा पर हटेको, सबभन्दा कम व्यावहारिक उपयोगिता भएको, अनुभवको परीक्षामा ल्याउनालाई सबभन्दा कम सम्भावना भएको, जो बीचका अनेक अवस्थामा चलिआएको हुनाले अनिश्चय, कठिनाइ र आत्मविरोधले ज्यादा परिपूर्ण छन् तिनै कुरा, जसले सबभन्दा ज्यादा जान्यो त्यै मानिस सबभन्दा विद्वान् कहलाउँछ।

विद्या भनेको अर्काको आँखाले हेर्नु, अर्काको कानले सुन्नु र अर्काको सम्झनामा आफ्नो विश्वास बाँध्नु हो। विद्वान्‌ले नाम र तारिखको ज्ञानमा गर्व लिन्छ नकि मानिस र चीजको ज्ञानमा, उसले पल्लो ढोकाका छिमेकीहरूका विषयमा न विचार गर्दछ न पर्बाह राख्दछ; तर हिन्दूहरूको जाति र वर्णको विषयमा गहिरो तवरले पढेको हुन्छ। कन्स्टानटिनोपल र पेकिनको ठीकठीक लम्बाइचौडाइसँग परिचित भए तापनि उसले पल्लो सडकमा जाने बाटो देख्दैन। आफ्नो सबभन्दा पुरानो जान-पहिचान मूर्ख हो या उल्लू हो उसलाई थाहा हुँदैन; तर इतिहासको मुख्य पात्रहरूउपर ऊ भड्किलो व्याख्यान छाँट्न सक्तछ। कुनै वस्तु कालो छ कि सेतो छ, बाटुलो छ कि चौकोस छ उसले भन्न सक्दैन; तैपनि उही ज्योतिविज्ञान र दृश्यकलाका नियमको गुरु हुन्छ। आफूले कुरा गरेको विषयमा उसलाई उत्तिकै थाहा हुन्छ– जस्तो अन्धो मानिसलाई रङको बारेमा। सर्वसाधारण प्रश्नको पनि सन्तोषकारी जबाफ दिन सक्दैन, उसले जानेको हुँदैन; न त आफ्नो अगाडि साँच्चै नै आइपरेको व्यावहारिक कुराउपर उसको एउटा राय ठीक हुन्छ; तैपनि ऊ अथवा अरू कुनै जीवित प्राणीले अन्दाजले सिवाय जान्न असम्भव कुरामा बेभूल विचारी हुँ भन्ने देखाउँछ। मरेको तथा धेरैजसो जिउँदा चल्तीका भाषामा ऊ निपुण हुन्छ; तर उसले आफ्नो भाषा न त छरितोसँग बोल्न सक्दछ, न त शुद्धसँग लेख्न सक्दछ।

किताबसिवाय अरू केही नजान्ने पढैया मात्रले ता तिनै किताबहरू पनि नबुझेको हुनुपर्दछ। किताबले किताबैको प्रयोग सिकाउँदैन। त्यस मानिसले कुनै रचनाको बारेमा

के कुरा जानोस् जसको विषयको बारेमा केही थाहा पाएको छैन? पढैया पण्डितमानीले किताबबाट बनेका किताब, ती किताबबाट पनि बनेका अरु किताब यस्तै अनन्त किताबहरूबाट बन्न गएका किताबहरू मात्र जानेको हुन्छ। अरूको रचना रट्नेको लेखको उसले सुगापढाइ गर्दछ। उसले उही लवजलाई दस भिन्न भाषामा उल्था गर्न सक्दछ, तर ती सबैमा त्यस लवजको अर्थले कुन चीज बताउँछ उसलाई त्यसको बारेमा केही थाहा हुँदैन। उसले आफ्नो समझ, बुद्धि र हृदयमा ताल्चा मार्दछ र एक प्रमाणको आधारमा बनेको अर्को प्रमाण, एक उदाहरणबाट उद्धृत गरेको अर्को उदाहरणले आफ्नो मगज भर्दछ। दुनियाँको चलन र नियमसँग ऊ अपरिचित रहन्छ। प्रकृति र कलाको मुहारमा उसले कुनै सौन्दर्य देख्दैन। उसलाई कान र नजरको विशाल दुनियाँ गुम रहन्छ, एक द्वारमा सिवाय ज्ञान बिलकुल बन्द हुन्छ। उसको घमन्डले उसको अज्ञानसँग हिस्सा लिन्छ। आफूले मोल नजानेका र त्यस कारण आफ्नो अवलोकनको अयोग्य सम्झिएका वस्तुहरूको सङ्ख्यामुताबिक उसको आत्मगौरव बढ्दछ। प्रकृति अथवा कलाको भाषा उसले बुझ्दैन।

कुरा स्पष्ट छ। जसलाई मानिसहरू वास्तवमा जान्दछन् त्यो ज्यादै सानो अवकाशमा बद्ध छ। दैनिक मामिला अनुभव जान्ने मौका मिलेका कुराहरू अध्ययन र अभ्यास गर्न प्रयोजन भएका कुराहरूभित्र रहेको छ। बाँकी देखावट र ठगी हो। साधारण मानिसलाई अङ्गप्रत्यङ्गको उपयोग हुन्छ, किनकि तिनीहरू आफ्नो परिश्रम या कौशलले जीविका चलाउँछन्। तिनीहरू आफ्नो काम राम्रोसँग बुझ्दछन्; आफूले व्यवहार गर्नुपर्ने मानिसहरूको स्वभाव जान्दछन्; किनकि सो कुरा जान्नु तिनीहरूलाई आवश्यक छ। आफ्नो भाव प्रकट गर्न तिनीहरूको वाचालता हुन्छ। आफ्नो घृणा प्रकाश गरेर हँस्सी उडाउन तिनीहरूको इच्छामुताबिकको वाक्चातुरी हुन्छ। लन्डनबाट अक्सफोर्डतिर जाने बग्गीबाहिर तिमी धेरै असल कुराहरू सुन्नेछौ, प्रख्यात विश्वविद्यालयका आचार्यहरूसँग बाह्र महिना बिताउँदा त्यति सुन्ने छैनौ। पार्लियामेन्टमा नियमपूर्वकको बहस सुन्नुभन्दा मदिरागृहको हल्लादार बहस सुन्नाले ज्यादा सीधा सत्यहरू सिकिन्छन्। समाजको अधिक सङ्ख्यामा साधारण समझ हुन्छ, जो सब युगका विद्वानहरूमा पाइँदैन। साधारण

जनहरू आफ्नै निमित्त विचार गर्दा सबै ठीक हुन्छन्; जब आधा नेताहरूका विश्वास गर्दछन्, सबै भूलमा पर्दछन्।

मानवविद्याको यस्तो उपयोग गरिएको छ। यस्तो मालुम हुन्छ कि यस क्षेत्रका परिश्रमीहरूले उद्देश्य सहज विश्वासमा ग्रहण गरिएका उमेरको वृद्धिअनुसार झन् अनर्थक हुँदै जाने पारस्परिक उक्तिहरू तथा पूर्वस्थित विचारहरूले सम्पूर्ण सीधा, समझ र असल-खराबको भेदलाई गडबड्याउनु मात्र छ। तिनीहरू पहाडजति अग्लो पारेर एक सिद्धान्तउपर अर्को सिद्धान्त थुपार्दछन्। आखिर कुनै विषयमा सीधा सत्यमा आइपुग्न असम्भव हुन्छ। तिनीहरू वस्तुलाई जस्ताको तस्तो देख्दैनन्; किताबमा जस्तो पाउँदछन् उस्तै देख्दछन्। आफ्नो अन्धविश्वाससँग ठक्कर खाने अथवा त्यसको अनर्थक स्वभावको निश्चय दिलाउने कुनै कुरा पत्ता नलागोस् भन्ने खातिर तिनीहरू आँखा चिम्लन्छन् र आफ्नो बुद्धिलाई थुन्दछन्। यस्तो मालुम हुन्छ कि मानव-विद्याको शिखर भनेको विरोधको पुष्टि गर्नु र बेसमझलाई पवित्र बनाउनु मात्र हो। जतिसुकै भयङ्कर अथवा मूर्ख होस्, यस्तो कुनै कट्टर दृढोक्ति छैन जसउपर यिनीहरूले आफ्नो छाप लगाएका छैनन्; जसलाई धर्मका आदेश र दण्डले भूषित गराएर ईश्वरको इच्छाको रूपमा आफ्ना अनुचरहरूको समझमा लदाएका छैनन्। सच्चा र उपयोगी चीजहरू पत्ता लगाउन मानवबुद्धि कति कम मात्रामा लगाइएको छ!

**विलियम ह्याजलिट**

(१७७८-१८३०)

# ठन्डी बिहान उठ्नु

एउटा इटलीका लेखकले कीराहरूको बारेमा एउटा कविता लेखेका छन्। उनी त्यो कविता यस अग्रहले सुरू गर्दछन् कि ती दुःख दिने र घिनलाग्दा जीवहरू हाम्रो दिक्कतका निमित्त सृष्टि गरिएका थिए र तिनीहरू स्वर्गका बासिन्दा जरूर थिएनन्। उत्तरका हामीले यो ब्रह्मज्ञानको टुक्रामा विवाद गर्न सक्तछौँ; तर अर्कोतर्फ घरको छानाको हिउँजस्तै बिलकुल सफा छ कि बाबा आदम दाह्री खौरनाको आवश्यकतामा परेका थिएनन्; त्यस्तै इभ आफ्नो मधुर कुञ्जबाहिर हिँड्दा तीन इन्ची बाक्लो हिउँमा टेक्दैनथिन्।

कोही मानिस भन्दछन् कि बिहान उठ्नु बडो सजिलो कुरा छ। तिनीहरू भन्दछन्– तिमीले इरादा मात्र गर्नुपर्दछ र काम सिद्धिन्छ। यो बहुत साँचो हुन सक्दछ; ठीक जस्तो स्कुलको लडकाले बेत मात्र खानुपर्दछ र काम खतम हुन्छ। तर हामीहरूले यस विषयमा मन कसिसकेका छैनौँ, त्यसैले उठ्नुभन्दा अगाडि त्यो कुरालाई खुलस्त बहस गर्नमा बडो रमाइलो व्यापार मान्दछौँ। यो लेटाइ (झुटो बोलाइ) भए तापनि कमसे कम अल्सी गराइ होइन। विवेकसम्पन्न प्राणी विचार गर्न सक्ने जीवले बिछ्याउनामा यस्तो पल्टाइ (झुटो बोलाइ)मा कसरी आसक्त हुन सक्दछ भन्ने प्रश्न गर्नेहरूलाई यो एउटा अत्यन्त उत्तम जबाफ छ। कसरी? किन, मगजमा बहस शान्तसँग काम गरिरहेको र काँधमा लुगाहरूसित, समझदार, निष्पक्षपाती आधा घण्टा व्यतीत गर्ने यो एउटा मजाको तरिका हो। अहा!

यदि यी मानिसहरू अलिक ज्यादा उदार भएदेखि तिनीहरू आफ्नो बहस अरू राम्रोसँग गर्ने थिए। तर तिनीहरूको यति खराबसँग बहस गर्ने र यस्तो आग्रहपूर्वक दृढोक्ति गर्ने

आदत छ कि एउटा ठगठगाउँदो बिहान तिनीहरूलाई बिछ्याउनावरिपरि खडा गराएर तिनीहरूको मुखअगाडि यो पल्टाइको (झुटो बोल्नाको मोज लिन) इच्छा आउँदछ। तिनीहरूले बिछ्याउनाको दुवैतर्फ सुत्नुपर्दछ भित्र र बाहिर। यति तिनीहरू आफ्ना विचारहरूले आधा घण्टाजति आफैँलाई बहलाउन सक्दैनन् भने सक्ने मानिसहरूको दोष होइन।

शयन विषयमा खुलस्त अनुसन्धानले त्यसउपर सबेर घण्टा कायम राख्न सक्ने सामर्थ्य अथवा उसका शक्तिहरूलाई दिइएको काममुताबिक कुनै मानिसलाई दिइने ठूला या साना विशेषाधिकारले तलको जस्तो प्रदर्शनलाई उचित योग्यता दिलाउने छ।

अन्यायमा परेको तर शान्त अपिल दिनेले भन्दछ– पहिले म रातभर न्यानो भइरहेको छु र मेरो प्रकृति उष्णरक्तधारी प्राणीलाई पूरा तवरले उचित हालतमा पाउँदछु। यस्तो हालतबाट ठन्डीमा उठेर जानु यस्तो प्राणीलाई बिलकुल अस्वाभाविक छ। त्यसमाथि यस्तो अवस्थान्तरको बेमेलको तथा निर्विवेक आकस्मिकता पनि अप्राकृतिक छ। यसैले कविहरूले नरकवासीहरूको सङ्कष्टउपर विचार छाँट्दा आगोबाट बरफमा, तातोबाट चिसोमा सहसा पठाइनु नै तिनीहरूको एक सबभन्दा ठूलो वेदना बनाएका छन्। मिल्टन भन्दछन्– 'स्वास्नीमानिसको मुख भएका, बाजका नङ्ग्रा भएका चण्डीहरुले तिनीहरूलाई 'बिछ्याउना'बाट घोक्र्याउँछन्।' उठ्नाको पूर्वविचारमा मेरो पहिलो चालले म याद पाउँछु कि कोठाको हावामा देखा परेका तन्ना र बालिस्टहरू मात्र ढुङ्गाभन्दा चिसा रहेछन्। मेरा आँखा खोल्दा खुला हावामा झैँ ढ्वाङबाट धूवाँ गएझैँ घुम्दै चलिरहेको मेरो सास नै मेरा आँखाले भेट्ने पहिलो चीज हुन्छ। यस लक्षणको विचार गर। तब म मेरा आँखा पार्श्वतिर घुमाउँछु र झ्याल सब जमेको देख्दछु। त्यसको विचार गर। तब नोकर भित्र आउँछ।

'आज बिहान अत्यन्त जाडो छ, छैन?'

'अत्यन्त जाडो छ, साहेब!'

'साँच्चै नै ज्यादै नै जाडो छ, हगि ?'

'साँच्चै नै ज्यादै नै जाडो छ, साहेब !'

'यो मौसम भए पनि सधैँको भन्दा ज्यादै नै जाडो छैन त ?'

(यहाँ नोकरको बुद्धि र सुशीलतालाई विकाल परीक्षा मिल्दछ। प्रश्नकर्ता उत्तरको निमित्त काँडामा लेटेझैँ हुन्छ)

'किन, साहेब, म विचार गर्दछु, हो।'

(साधु प्राणी ! त्योभन्दा असल अथवा ज्यादा साँचो बोल्ने नोकर कतै छैन।)

'तैपनि मैले उठ्नुपर्दछ, मलाई केही तातो पानी लिएर आइज।'

यहाँ नोकरको गमन र तातो पानीको आगमनको बीचमा मजाको अन्तर पाइन्छ। त्यसबीचमा अलवत उठ्नु 'केही काम ? (फाइदा)' छैन। तातो पानी आउँछ।

'के यो बिलकुल तातो छ ?'

'जी, साहेब !'

'सायद दाह्री बनाउनको निमित्त ज्यादै नै तातो छ। मैले केहीबेर पर्खनुपर्ला ?'

'होइन, साहेब, यो ठिक्क छ।'

(कहिलेकाहीँ ज्यादै नै नाटीकुटीको औचित्य हुन्छ, गुणको चेपारे उत्साह अलि दिक्क गराउने)

'ओ ! कमिज– तैँले मेरा सफा कमिज सेकाउनुपर्दछ।'

'हवस् साहेब।'

यहाँ अर्को मीठो पाँच मिनेट। ढोकामा एक घच्चा!

'ओ कमिज– बहुत बेस! मेरा मोजाहरू– म विचार गर्दछु– मोजाहरू पनि बरू सेकाउनुपर्ला कि।'

'बहुत ठीक साहेब।'

यहाँ अर्को अन्तर। आखिरमा हरेक चीज तयार छ, मबाहेक।

हाम्रो सुताहा भन्दै जान्छ। म धेरै विचार नगरी सक्दिनँ, को सक्दछ? दाह्री बनाउनाको अनावश्यक तथा उल्लू चलनउपर। यो यस्तो नामर्द चलन छ (म यहाँ अलि भित्र घुस्रन्छु)– यस्तो जनानी चलन (यहाँ बिछ्याउनाको अलि ज्यादा चिसो भागबाट म खुम्चिन्छु) कुनै आश्चर्य छैन कि फ्रान्सकी रानीले आफ्नो पतित स्वामी फ्रान्सका राजाको विरुद्ध बागियनहरूसँग हिस्सा लिइन्; किनकि उसले उनको मुखजस्तै मसिनो अनुहार लिएर पहिलोबाजि उनको अपमान गरेको थियो। बादशाह जुलियनले आफ्नो प्रतिमाको प्राचुर्य बहँदो दाह्रा जगाउनामा भन्दा कहिल्यै बढ्ता फाइदाले देखाएनन्।

फर्डिनल बेम्बोको तस्बिर हेर– माइकेल एन्जेलोको– टिसियनको– शेक्सपियरको– फ्लेचरको– स्पेन्सरको– चसरको– अल्फ्रेडको– प्लेटोको– मेरा घडीको हरेक टिकटिकीमा म एउटा ठूलो मानिसको नाम लिन सक्थेँ। सूर्कहरूलाई हेर एउटा गम्भीर र Ofiose जातिइरूत अल रशीदत बिछ्याउना-परेका- हसन– वर्टले मन्टेगूको विचार गर, आफ्नो लायक छोरो आफ्नै समयको अन्धविश्वासभन्दा माथिको– पार्सी भलादमीलाई हेर, तिनीहरूलाई सहरको किनारामा भेट्न सरम लाग्दछ, किनकि तिनीहरूको पोसाक र चेहरा हाम्रोभन्दा यति राम्रो छ। सबभन्दा पछि छुराकै विचार गर– बिछ्याउनाको हरेक भावको कस्तो कट्टर विरोधी– कस्तो चिसो धारवाला, कति कडा! न्यानो र मण्डलाकार बिस्तराबाट कति बिलकुल फरक!

जो, हाम्रो कोमल इन्द्रियहरूमा
आफैँ मधुरतया सिफारिस लिन्छ।

यसउपर कठ्याङ्ग्रिएका औँलाहरू जसले आफैँलाई काट्न मदत देलान् ठगठगाउँदो शरीर, हिउँ जमेको रुमाल, बरफ भरिएको जलदानी। यस कारण जसले यी सबैमा विरोध गर्ने केही कुरा छैन भन्दछ उसले यसको विरोध गर्नाको आफ्नै योग्यता नभएको देखाउँछ।

कवि टमसनले 'ऋतुहरू'मा गर्दछन्–

'झूटो तवरको विलासी। के मानिस बिउँझदैन?"

उनी मध्याह्नसम्म बिछ्याउनामा लेट्ने गर्दथे किनकि उठ्नाको केही अभिप्राय छैन भन्ने उनको भनाइ थियो। उनी उठ्नाको भलाइ कल्पना गर्न सक्दथे; तर उनी चुपचाप लेट्नाको भलाइ पनि कल्पना गर्न सक्दथे। उनको उद्गार, यो ता मान्नैपर्दछ, हिउँदमा होइन, वर्षाकालमा भएको थियो। बहसलाई व्यक्तिगत स्वभावसँग हामीले हिसाब मिलाउनुपर्दछ। पैसा कमाउने तीन-चार पेन्सले बिछ्याउनाबाट आकर्षित हुन सक्दछ; तर विद्यार्थीलाई यतिले मात्र पुग्दैन। एउटा घमन्डी मानिसले भन्न सक्दछ– 'यदि म उठिनँ भने म आफैँलाई के भनूँला?'

तर अलि विनय हुनेले आफ्नो हितैषी बिछ्याउनाको आदरले गर्दा आफ्नो बारेमा यो महान् विचार त्याग गर्न सन्तुष्ट हुन्छ। कालिगडीविना मुस्किलले उठ्नेछ; त्यस्तै वायुयन्त्र पनि गर्दछ। स्वास्थ्य र दीर्घजीविताको विचारमा पनि जेहेनदार बिछ्याउनालेटुवाले विवादको निमित्त कडा सामग्री पाउँदछ। ठन्डी मौसममा अबेरसम्म पल्टनुको खराब प्रभावका प्रमाणहरू र पहिलेका पूर्वदृष्टान्त फैसलाहरू उसले माग्नेछ; शरीरको समशीतोष्णताको फाइदाउपर उसले व्याख्यान छाँट्नेछ; आफ्नै रीतसँग चल्ने (झन्डै विश्वव्यापक) स्वाभाविक प्रवृत्तिको फाइदाउपर; र ती जनावरहरूको विषयमा जो

आफूलाई खुम्च्याएर हिउँदभरि सुत्दछन्। दीर्घजीविताको बारेमा उसले सोध्नेछ– के सबभन्दा लामो जरूर सबभन्दा असल हुन्छ र? के अलवर्न लन्डनको सबभन्दा राम्रो सडक हो?

**जेम्स हेनरी ले हन्ट**

# सल्लाघारीमा एक रात

## ('गधासँगको सफर'बाट)

खानाको बाद ब्लेमार्डबाट अबेर भइसके तापनि लोजेरको एक भाग चढ्नालाई म हिँडेँ। एउटा राम्रोसँग खराब अङ्कित नभएको पत्थरिलो वस्तु लैजाने सडकले मलाई अगाडि बाटो देखायो। हिउँदको आगोको निमित्त सिङ्गै सल्लाका रूखले लादिएका करिब आधा दर्जन बयलगाडीहरू जङ्गलबाट ओर्लन लागेका मैले देखेँ। यो ठन्डा शिखरपङ्क्तिमा जङ्गल धेरै माथिसम्म चढ्दैन। यस जङ्गलको शिरमा सल्लाघारीको बीचबाट एउटा सोतो लिएर बायाँतर्फ लागेँ। म एउटा हरियो चउर भएको खाल्टामा आइपुगेँ। त्यहाँ एउटा नालाले मलाई धाराको काम दिने गरेर केही ढुङ्गाहरूमाथि एउटा सानो टुटेधारो बनाएको थियो। 'यसभन्दा पवित्र निर्जन निकुञ्जमा न त परी न त वनदेवहरू वास गर्दथे।'

रूखहरू बूढा थिएनन्; तर तिनीहरू त्यो खुला जग्गावरिपरि बाक्लो उभिएका थिए। दूरवर्ती पहाडका टाकुराहरूतिर ईशानमा अथवा सोझै माथि आकाशतिर सिवाय त्यहाँ दृश्य थिएन। त्यो वास कोठाजस्तो निर्विघ्न र गुप्त मालुम हुन्थ्यो। मैले आफ्नो बन्दोबस्त मिलाएर मोडेस्टिनलाई खुवाउँदामा दिन ओर्लन लागेको थियो। मैले आफूलाई घुँडासम्म धोक्रोमा खीप लगाएँ र दिलखुसीमाफिकको खाना खाएँ। तब जसै सूर्य डुबे म आफ्नो टोपीले आँखा ढाकेर निद्रामा परेँ।

छानामनिको रात एउटा चिच्याहटलाग्दो मुर्दा रात हुन्छ; तर खुला जगत्मा यो हलुका तवरले जान्छ। यसमा ताराहरू शीतका थोपाहरू र सुवासहरू हुन्छन्। प्रकृतिको बदनउपरका परिवर्तनहरूले घडीको सङ्केत दिन्छन्। जुन कुरा भित्ता र पर्दाहरूले थुनिएका

मानिसहरूलाई एक किसिमको क्षणिक (temporal) मृत्युजस्तो मालुम हुन्छ, त्यही कुरा खेतमा सुत्ने मानिसलाई हलुका र सजीव सुषुप्ति जस्तो लाग्दछ। रातभरि प्रकृतिले गहिरो र खुला तवरले सास फेरिरहेको उसले सुन्न सक्दछ। विश्रान्ति लिँदा पनि प्रकृति यसो फर्केर मुस्काउँछिन्।

घरमा बस्नेलाई याद हुन नसक्ने त्यहाँ एउटा सञ्चालक समय हुन्छ; जब एउटा जमाउने प्रभाव सुतिरहेको पृथ्वीको आधा खण्डमा फैलिँदै जान्छ र सबै घर बाहिरी दुनियाँ पयरले टेक्दछ। त्यसै बेलामा कुखुरो बास्छ, यस बेला प्रभात जनाउन होइन तर जाँदो रातलाई बिदा दिइरहेको हँसमुखी पहरादारझैँ गाईगोरुहरू गौचरमा बिउँझेका हुन्छन्; भेडाहरू शीतका दानादार पहाडका कोखामा पहिलो खाना लिन्छन् र उनिउँका बीचमा नयाँ सुत्ने ठाउँ बदल्न जान्छन्। त्यस्तै चराहरूसँग सुतेका विनाघरका मानिसहरूले आफ्ना मिर्मिरे आँखा खोल्दछन् र रातको सौन्दर्य देख्दछन्।

कुन नसुनिने बोलावटमा, प्रकृतिको कुन हलुका स्पर्शमा, यी सबै सुतुवाहरू उही घडीमा जीवनतर्फ पुनराह्वान हुन्छ? के ती ताराहरूले कुनै प्रभाव बर्साउँछन्? अथवा के हाम्रा आराम लिँदा शरीरका मनि पृथ्वीमाताको कुनै रोमाञ्चमा हामीहरू हिस्सा लिन्छौँ? यी गुह्यहरू गहिरो तवरले पढेका गोठाला र बूढा देहातीहरू पनि यो हरेक हातको पुनर्जागरणको उपाय वा अभिप्रायको केही अनुमान गर्न सक्दैनन्। तिनीहरू भन्छन्– रातको दुई बजेतिर त्यस्तो कुरा हुन जान्छ। यसभन्दा बढ्ता न तिनीहरू जान्दछन् न त खोज्दछन् र कमसे कम यो एउटा रमाइलो घटना हो। हामीहरूको निद्रा भङ्ग हुन्छ, यसनिमित्त कि हामीहरू झन् राम्रोसँग र झन् चैतन्यसाथ यसलाई रूचाऔँ। हाम्रा छिमेकका सब घरबाहिरी प्राणीहरूसँग यो प्रेरणा हामी बाँडेर लिन्छौँ, हामीहरू सभ्यताको कैदखानाबाट छुटकारा पाएका हुन्छौँ र त्यति समयको निमित्त खालि सुशील जनावर तथा प्रकृतिको बयानका भेडा बनेका हुन्छौँ भन्ने विचार कुनैकुनै मनको विशेष आनन्द हुन जान्छ।

जब सल्लाघारीबीचमा मलाई त्यो घडी आयो, म तिर्खालु भएर बिउँभेँ। पानीले आधा भरिएको टिन मनिर खडा थियो। यो चिसो भित्री सिँचनले पूरा जागा भएर सिगरेट बनाउनालाई उठेर बसेँ। ताराहरू सफा रङ्गीन रत्नतुल्य थिए, तर थिएनन्। स्वर्गङ्गाको रूपमा एउटा मधुरो चाँदीजस्तो बाफ थियो। मेरो चारैतिर काला वृक्षशिखाहरू सोभ्का र बिलकुल अचल थिए। धोक्रे काठीको सेतोपनले मोडस्टिन डोरी छेउमा वरिपरि घुमिरहेको म देख्न सक्दथेँ; उसले लगातार घाँस चपाइरहेको सुन्न सक्दथेँ। तर ढुङ्गाहरूमाथि नालाको अवर्णनीय शान्त भाषणसिवाय त्यहाँ अरू कुनै आवाज थिएन। म आलस्यसाथ चुरोट खाँदै आकाशको रङको अध्ययन गर्दै रहेँ। त्यो शून्य ठाउँलाई हामी आकाश भन्दछौँ। त्यसको सल्लाघारीपछाडि रातोरातो विभूति रङ देखिएको ठाउँबाट ताराहरूका बीचमा टल्कँदो नीलोकालो देखिएको ठाउँसम्म म रङको अध्ययन गरिरहेको थिएँ। फिरन्ता बेपारीजस्तो अभ्र राम्रोसँग देखिनालाई म एउटा चाँदीको औँठी लाउँछु, मैले चुरोट उचाल्दा या ओह्राल्दा यो औँठी मिरमिर चम्किरहेको म देख्न सक्दथेँ। हरेक सर्कामा मेरो हातको भित्रपट्टि उज्यालो हुन्थ्यो र एक सेकेन्डसम्म दृश्यपटमा सबभन्दा चर्को उज्यालो हुन जान्थ्यो।

बराबर हावाको प्रवाहभन्दा चलिरहेको शीतलताजस्तो मन्द हावा त्यो खुला ठाउँतलतिर जान्थ्यो, यस कारण मेरो ठूलो कोठामा समेत हावा रातभरि फेरिएर ताजा भएको थियो। चसरेडिज भन्ने ठाउँको पौवा र जम्मा भएका रातका टोपीहरूलाई मैले भयभीत भएर सम्भेँ, कारिन्दा र विद्यार्थीहरूको गरम नाट्यशालाहरूको मन्द कोठरीहरूको सम्भनाले मलाई त्रास पैदा गऱ्यो। मैले अक्सर यस्तो आफैँउपर शान्त आधिपत्य अनुभव गरेको छैन, न त यसभन्दा ज्यादा बाह्य सामग्रीको सहायताबाट स्वतन्त्र भएभैँ मानेको छु। जसबाट हामीहरू घरभित्र घुस्रन्छौँ, त्यो बाहिरी जगत् जेसुकै भने पनि एउटा शान्त बस्न हुने ठाउँ रहेछ। यस्तो मालुम हुन्थ्यो र हरबात मानिसको बिछ्याउना खेतमा तयार भएर उसको निमित्त पर्खिरहेको हुन्छ। खेतमा ईश्वरले खुला घर राख्दछ। अर्थशास्त्रीहरूबाट लुकेका तर जङ्गलीहरूलाई देखाइएका सत्यमध्ये एउटा मैले फेरि पत्ता लगाएँ भन्ने मलाई विचार आयो। कमसे कम आफ्नै निमित्त मैले नवीन

आनन्द पत्ता लगाएको थिएँ र तैपनि जब म मेरो एकान्तवासमा खुसी मनाइरहेको थिएँ, मैले एउटा अनौठा अभावको होस पाएँ। त्यो ताराको उज्यालोमा मेरो नजिक मौन र नचल्ने तर सधैँ छोइन सक्ने एउटा साथीको मलाई इच्छा भयो। एकान्तभन्दा पनि शान्त एउटा साहचर्य हुन सक्दछ; यसलाई ठीक तवरले बुझ्न सके एकान्तको उत्तम पूर्णरूप हो। प्रेम गरिएकी स्वास्नीमानिससँग घरबाहिर बस्नु सब जीवनमध्ये ज्यादा पूर्ण र स्वतन्त्र जीवन हुन्छ।

सन्तोष र तृष्णाको बीचमा म यसरी पल्टिरहेको थिएँ। सल्लाघारीबाट एउटा मन्द आवाज मतिर सुस्त आयो। मैले पहिले विचार गरेँ कि टाढाको खेतमा कुकुर भुकेको या कुखुरा बासेको आवाज होला, तर बिस्तारैबिस्तारै दृढतया यसले मेरो कानमा अर्थात्मक (परिस्फुट) आकार दियो। आखिरमा मैले थाहा पाएँ कि कोही बटुवा त्यो खाल्टोको मूल सडकबाट गइरहेको थियो र हिँड्दाहिँड्दै उच्च स्वरले गाइरहेको थियो। उसको गवाइमा माधुर्यभन्दा ज्यादा हार्दिकता थियो; तर उसले जोडदार फोक्सोले खण्डगान गर्दथ्यो। उसको स्वरको आवाजले पहाडको कोखलाई पक्रेको थियो र पर्णमय खाल्टोको हावालाई कम्पायमान गराउँथ्यो, सुतिरहेका सहरमा नजिकबाट रातमा हिँडेका मानिसहरूलाई।

मैले सुनेको छु; तिनीहरूमध्ये कोही गीत गाउँथे; म सम्झन्छु एक जनाले ब्यागपाइपलाई ठूलो आवाजले बजाएथ्यो, सुनसानको केही घण्टापछि अकस्मात् गाडा अथवा बग्गीको गडगड आवाज उठेर केही मिनेसम्म म बिछ्याउनामा लेटेको बेलामा मेरो श्रवणको पहुँचभित्र चलेको मैले सुनेको छु। अँध्यारा घडीमा बाहिर भएका मानिसहरूको विषयमा एउटा मोहिनी हुन्छ। एक किसिमको रोमाञ्चले हामीहरू तिनीहरूको काम अनुमान गर्न कोसिस गर्दछौँ। तर यसमा त्यो मोहिनी दोहोरो थियो; पहिले भित्रपट्टि मदिराले धप्केको रातको बीचमा गानमा आफ्नो आवाज पठाउने यो मुसाफिर; र तब अर्कोपट्टि मेरो धोक्रोमा खिप लगाएर बसेको तारातिर चार-पाँच हजार फिटको अन्तरमा सल्लाघारीमा एक्लै धूवाँ उडाइरहेको म आफैँ।

जब म फेरि बिउँझेँ धेरैजसो ताराहरू हराएका थिए; रातका ज्यादा बलिया साथीहरू मात्र शिरउपर अझ देखिने गरेर जलिरहेका थिए; तब टाढा पूर्वतिर मैले क्षितिजउपर प्रकाशको एउटा मिरमिरे कुहिरो देखेँ। म अगाडि बिउँझेको बेलाकी आकाशगङ्गाजस्तै त्यो थियो। दिन नजिकै आएछ। मैले लालटिन बालेर यसको जूनकीरी उज्यालोले आफ्नो बुट र गेटर लगाएँ। तब मोडेस्टिनको निमित्त केही रोटी टुक्रा पारेँ, जलदानीलाई धारामा भरेर आफूलाई केही चकलेट उमाल्नलाई स्पिरिटको बत्ती बालेँ। जहाँ म यस्तो मीठोसँग सुतेको थिएँ त्यहाँ त्यो नीलो अन्धकार धेरैबेरसम्म खुला जग्गामा रह्यो। तर पहाडका टुप्पाहरूमा सुन्तला रङको चौडा छिर्का सुनौला रङमा पग्ल्यो। दिनको यो क्रमिक तथा सुन्दर आगमन एउटा परमआनन्दले मेरो मनमा शासन गऱ्यो। त्यो खोलालाई आनन्दपूर्वक मैले सुनेँ; केही सुन्दर तथा अनपेक्षित चीजको निमित्त मैले घुमेर हेरेँ; तर अझ काला सल्लाका रूखहरू, त्यो खोक्रो खाल्टो, त्यो चुरूमचुरूम चपाइरहेको गधा, सब आकारमा बदलिएका थिएनन्। प्रकाशसिवाय केही बदलिएको थिएन, तर त्यो प्रकाशले चाहिँ वास्तवमा सब चीजउपर एउटा जीवनशक्ति र उच्छ्वासमय शान्ति बर्साएको थियो र त्यसले मलाई एउटा विचित्र हर्षको रोमाञ्च दिएर प्रभाव गर्दथ्यो।

मैले चकलेट पानी पिएँ। स्वादिलो नभए पनि तातो थियो। तब त्यो खुला ठाउँको तलमाथि, यताउति, यहाँ-त्यहाँ डुल्न लागेँ, जब म यसरी विलम्ब गरिरहेको थिएँ, प्रभातको वासस्थानबाट गह्रौँ सुस्केराजति लामो अटुट हावाको एउटा छरितो प्रवाह सोझै खनिएर आयो। यो ठन्डा थियो र मलाई छिउँछिउँ गराउन लाग्यो। यसको प्रवाहमा नजिकका वृक्षहरू काला पत्रहरूले हल्लाए; सुनौला पूर्वमाथि पहाडको किनाराका सल्लाको दूरवर्ती मसिना गजुरहरू मन्द तवरले यताउति हिलेको म देख्न सक्तथेँ। दस मिनेटपछि पहाडका कोखाकोखा सूर्यकिरण पैयाँमा फैलियो र छाया झलझलाहट फैलायो र दिन पूर्णतया आएको थियो।

मैले आफ्नो भारी तयार गर्नमा चटाक गर्न लागेँ। म अगाडि रहेको ठाडो उकालो सामना गर्नु थियो। तर मेरो मनमा केही कुरा आएको थियो। यो केवल कल्पना थियो;

तैपनि कहिलेकहिले त लहड पनि आग्रही हुन्छ। मेरो हरियो सराइमा ठूलो आतिथ्यपूर्वक र उचित समयमा मैले सेवा पाएको थिएँ। कोठा हावादार थियो; जल अत्युत्तम थियो; र प्रभावले मलाई एक क्षणलाई बोलावट गरेको थियो। चित्रकारी भरेका पर्दाहरू अनुपम दलिन र झ्यालहरूबाट मैले पाएका दृश्यहरूको बारेमा म केही उच्चारण गर्दिनँ। तर मलाई मालुम भयो कि यो उदार सत्कारको निमित्त म कसैको ऋणमा थिएँ। जाने बेलामा रातको वासको निमित्त प्रशस्त हुने गरी अर्धहँस्सी तवरले चउरमाथि रूपियाँ छाड्नालाई मेरो इच्छा भयो। म आशा गर्दछु कि ती रूपियाँहरू कुनै धनी र छोटो गोठालाको हातमा परेनन्।

**रबट लुई स्टिभेन्सन**